# खोजतलास


www.khojtalashonline.com

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक २९ ◆ २५ जेठ २०८०, बिहीबार (8 June, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३

मूल्य रु २०/-


## किन नेपाल आए रामदेव



काठमाडौं । योगगुरु बाबा रामदेव फेरि नेपाल आएका छन् । उनको बाक्लो नेपाल भ्रमणप्रति धेरैको चासो छ । रामदेवको बहुराष्ट्रिय कम्पनी छ । जसको नाम पतञ्जली राखिएको छ । रामदेवलाई जडिबुटी चाहिन्छ जुन नेपालमा छ । त्यसमाथि पश्चिम नेपालमा बढी जडिबुटी पाइन्छ । सँसारमै बढी माग हुने यार्सागुम्बामा रामदेवको चासो छ । त्यसैले उनी खप्तडमा पुगेका छन् । खप्तड क्षेत्र यार्सागुम्बाको हब नै हो । सुदूरपश्चिमको हिमाली भागमा ठूलो मात्रामा यार्सागुम्बा पाइन्छ । त्यसबाहेक अन्य बहुमूल्य जडिबुटी पनि खप्तडमै छ । रामदेवले त्यही जडिबुटीमा आँखा लगाएका थिए ।

त्यसो त खप्तडमा प्रथम अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलन गर्नुभित्र पनि व्यापारिक स्वार्थ छ । पतञ्जलीले जडिबुटी प्राप्त गरेर भारत

बाँकी सातौं पृष्ठमा

# कांग्रेसभित्रको गहिरिंदो संकटको समाधान विशेष महाधिवेशन



काठमाडौं । सैद्धान्तिक रूपमा विचलित, विचारविहीन र पार्टी स्वयं आफ्नो आदर्श तथा मूल्य र मान्यताबाट टाढिँदै जाँदा नेपाली कांग्रेसमा 'रिर्फम'का निम्ति 'विशेष महाधिवेशन'को मुद्दा चर्कंदै गएको छ । २००७ सम्मको राणा शासनको समय र २०१७-२०४६ सम्मको पञ्चायती व्यवस्थामा मात्र सत्ताबाट टाढा रहेको कांग्रेसमा २०४६ सम्म गुटगत नै सही धेरथोर 'वैचारिक बहस' हुने गर्दथ्यो ।

तर, आज नेतृत्वमा सैद्धान्तिक विचलन छ भने, कार्यकर्ताले आफूलाई जनअपेक्षाको काममा भन्दा नेताको स्वार्थपूर्तिमा समर्पित गरेका छन् । आमनिर्वाचन सम्पन्न भएको लामो समयसम्म पनि कांग्रेस पार्टीले आफ्नो आन्तरिक जीवनमा महत्वपूर्ण मानिने 'केन्द्रीय समिति बैठक' राखेर 'परिस्थितिको समीक्षा'सम्म गर्न सकेको छैन ।

कांग्रेसभित्रको यतिबेलाको डरलाग्दो पाटो भनेको 'वैचारिक बहस' गर्न तयार युवापंक्तिको अन्य पार्टीमा प्रवेश र स्वार्थी भीडको कांगेस प्रवेश नै हो । यो सबै घटनाक्रमलाई नियालिरहेका कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा केन्द्रीय समिति बैठक आह्वान गर्न सक्ने वैधानिक हैसियतमा छैनन् भने वैधानिक हैसियत प्राप्त सभापति शेरबहादुर देउवाले केन्द्रीय समिति बैठक 'फेस' गर्ने आँट देखाउन सकेका छैनन् ।

मूलत: कांग्रेसमा जसरी पनि सत्ता हासिल गर्ने र सत्ताका माध्यमबाट 'धन-शक्ति' आर्जन गरिछाड्ने समूह एकातिर र अर्कोतिर नीति, विधि र एजेण्डामा कांग्रेस सहित मुलुकलाई उभ्याउन चाहने समूहबीच 'रस्साकस्सी' देखिन्छ । उक्त रस्साकस्सीमा कांग्रेस सभापति देउवाले आफूलाई यथास्थितिबादी धारमा उभ्याएका छन् भने सोही पार्टीका महामन्त्रीद्वय गगन-विश्व तथा केन्द्रीय सदस्य प्रदीप पौडेलहरूले 'विद्रोहको झण्डा' उचालेर कार्यकर्तामाझ आफूलाई लैजाने पूर्वाभ्यास गर्दैछन् ।

नीति गौण र नेताप्रधान रहँदै आएको कांग्रेस पार्टीको 'रिर्फम' सामान्य हिसाबले सम्भव देखिन्न । उक्त पार्टीको 'रिर्फम' भनेको यथास्थितिमै रमाउन तयार सभापति देउवालाई कांग्रेस पार्टीको 'अर्ली महाधिवेशन'का माध्यमबाट विस्तापन गरी नयाँ नेतृत्व चयन र रिर्फम भएको कांग्रेसले जनअपेक्षा अनुसार आफूलाई रूपान्तरण गर्दै लैजानु नै हो ।

भ्रातृ संस्थाको महाधिवेशन, केही थान मन्त्रीमा भागबण्डा, पार्टीका एकाधथान विभागीय प्रमुखको चयन आदिले कांग्रेस जनताका बीचमा लोकप्रिय बन्न सम्भव नै छैन । किनकि, 'नेविसंघ र तरुण दल'मा अधिवेशन भए पनि नभए पनि जनतालाई तात्विक कुनै असर पर्दैन । आज एमालेका सम्पूर्ण जनवर्गीय संगठनको अधिवेशन सम्पन्न भई संगठनहरू चुस्तदुरुस्त छन् । तर पनि, एमाले किन फस्टाउन सकेन ?

तसर्थ, जनताको चाहना भनेको कुनै पनि राजनीतिक दलका झर्झराउँदा युवा 'बिचौलिया' नबनुन् भन्ने नै हो । तर, आज पार्टीका भ्रातृ संस्थामा आवद्ध बहुसंख्यक युवा सरुवा-बढुवा र ठेक्कापट्टाको फाइल बोकेर सिंहदरबार धाउँदै ठिक्क छ । अनि यो अवस्थामा

बाँकी सातौं पृष्ठमा


## नागरिकतामा खेलमाथि खेल

काठमाडौं । नागरिकताको समस्या समाधान गर्नेभन्दा यसलाई राजनीतिक अस्त्र बनाउन खोज्दा समस्या नै समस्या आउने गरेको छ । नागरिकताको चुरो समस्या अझै कसैले पहिल्याउन सकेको छैन । लहडको भरमा कानून बनाउने गतिविधि समेत भएका छन् । यो समस्या समाधान त गर्नुपर्छ तर यसका नाममा विदेशीहरु नेपालभित्र हुलका हुल छिर्ने वातावरण बन्न दिनुहुँदैन । यसलाई प्रमाणिकरण गर्ने र नगर्ने विषयलाई पनि राजनीतिक अस्त्र बनाइयो ।

राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणिकरण भई ऐन बनिसकेपनि तत्काल कार्यान्वयन नहुने भएको छ । आइतवार सर्वोच्च अदालतले नागरिकता ऐन कार्यान्वयन नगर्न अल्पकालिन अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्चका न्यायाधीश डा. मनोज कुमार शर्माको एकल इजलासले उक्त आदेश दिएको हो । सर्वोच्चका प्रवक्ता विमल पौडेलका अनुसार नागरिकता ऐन कार्यान्वयन नगर्न अल्पकालीन आदेश दिएको छ ।

बाँकी सातौं पृष्ठमा

## सोवितासँग विवाहलगत्तै गृहेन्द्र घिमिरेको फेसबुक लक



काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतमले आफ्नो ग्राफ ह्वात्तै घटाएकी छिन् । उनको ग्राफ घट्नुको कारण हो उनको विवाह । वास्तवमा विवाह व्यक्तिगत विषय हो । तर, सार्वजनिक व्यक्ति त्यो पनि सांसदको विवाह व्यक्तिगत हुन सक्दैन । राजनीतिक गर्नेको विवाह पनि राजनीति नै हुन्छ । सोविताले विवाह गरेरै राजनीति गरिन् । तर, सोवितालाई

बाँकी सातौं पृष्ठमा

## हरिकृष्ण कार्कीबिरुद्ध बहालवाला न्यायाधीशकै उजुरी





काठमाडौं । कामू प्रधानन्यायाधीश हरिकृष्ण कार्कीलाई प्रधानन्यायाधीशमा नियुक्ति गर्न नहुने भन्दै संघीय संसदको संसदीय सुनुवाइ विशेष समितिमा बहालवाला जिल्ला न्यायाधीश डा. श्रीकृष्ण भट्टराईले उजुरी दर्ता गरेका छन् ।

न्यायाधीश भट्टराईले कार्कीमाथि प्रधानन्यायधीश पदको सम्मान, गरिमा र ओज कायम राख्नसक्ने हैसियत र ल्याकत नभएको दाबी गरेका हुन् । बहालवाला न्यायाधीशले प्रस्तावित प्रधानन्यायाधीशविरुद्ध उजुरी दिएको संसदीय सुनुवाइको इतिहासमा दुर्लभ घटना हो ।

उजुरीमा भनिएको छ, 'निजको नियुक्ति प्रधानन्यायाधीशजस्तो पदमा हुँदा सम्मानित अदालत र प्रधानन्यायाधीश पदकै अवहेलना हुने भएकाले सन्तुलन र नियन्त्रणको सिद्धान्त अनुसार पनि सम्मानित समितिबाट निजको नाम अस्वीकृत होस् भनी सादर निवेदन गर्दछु ।'

उनले कानुनी रिक्तताको अवस्थामा अवैध रुपमा कार्कीको नाम सिफारिस भएको भन्दै नाम सिफारिस भएको अवस्थामा २० दिनपछि नियमावली बनाएर सुनुवाइ गर्नु गलत हुने दावी गरेका छन् ।

लामो समय जिल्ला न्यायाधीश पदमा रहेका तर वृत्तिविकासको अवसरबाट

बाँकी सातौं पृष्ठमा

## एसएसपीको महिला हवल्दारसँग प्रेम मोह



काठमाडौं । पटकपटक विवादमा आइरहने नेपाल प्रहरीका एसएसपी योगबहादुर पालमाथि पछिल्लो समय महिला हबल्दारसँग प्रेम प्रस्ताव र यौन हिंसा गरेको गम्भीर आरोप लागेको छ ।

आफ्नै महिला सहायक हवल्दारलाई यौन हिंसा गरेको आरोप पालमाथि लागेपछि अहिले छानबिन प्रक्रिया अघि बढाइएको छ ।

बाँकी सातौं पृष्ठमा

# सीईओ शेरचनका कारण संकटमा पर्दै प्रभु बैंक

## खराब कर्जा ऋण असुलीका लागि धमाधम ३५ दिने सूचना जारी गर्दै




काठमाडौं । नाम चलेका सहकारीहरु एकाएक टाट पल्टिरहेको अवस्थामा कमर्सिएल बैंकहरुमा पनि सहकारीहरुकै जस्तै खराब कर्जाका कारण टाट पल्टिने अवस्थामा पुगेका छन् ।

विशेष गरी प्रभु बैंक खराब कर्जाका कारण धरासही हुँने अवस्थामा पुगेको सो बैंककै कर्मचारीहरुले बताउने गरेका छन् । शेयर धनी र निक्षेपकर्ताहरुको अगाडि बैंक फाइदामा भएको भनिए पनि खराब कर्जाका कारण कुनै पनि बेला संकटमा पुग्ने अवस्थामा पुगेको कर्मचारीहरुले नै बताउने गरेका छन् ।

सिईओ अशोक शेरचनले नेतृत्व गरेको प्रभु बैंकबाट प्रवाह भएका ऋणको अधिकांश कर्जा खराब रुपमा परिणत भएको तथ्य फेला पर्न थालेको छ । शेरचनले स्विकृत गरेको ऋणहरु खराब नजिर भएका संस्था र व्यक्तिसँग राम्रो सम्बन्ध भएकै कारण लगानी गरेको पाइएको छ । जसले गर्दा हजारौं बचतकर्ताको निक्षेप रकम डुब्ने खतरा बढेको छ । शेरचनले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई १ अर्ब २० करोड कर्जा प्रवाह गरेको र त्यसको सावाँ र ब्याजसमेत नआएका कारण बैंक अप्ठ्यारोमा पर्ने अवस्था आएको छ । यसैगरी प्रभु बैंकले थप अन्य जोखिमयुक्त कम्पनीहरुलाई पनि कर्जा प्रवाह गरेको भेटिएको छ । सीइओ अशोक शेरचनले कर्जा डुब्न सक्ने जोखिमलाई आँकलन नगरी हचुवामा कर्जा प्रवाह गर्दा बचतकर्ताको अर्बौं रकम जोखिममा परेको छ ।

'विश्वास लिन्छौं, विश्वास दिन्छौं' भन्दै २०७० सालमा स्थापना भएको प्रभु बैंक पछिल्लो समय खराव कर्जाको दलदलमा फसेका कारण संकटमा पर्ने अवस्थामा पुगेको स्रोतले दाबी गरेको छ । यो अवस्था लम्बिदै गए प्रभु बैंकमा निक्षेपकर्ताको रकम जोखिममा पर्न सक्ने देखिन्छ । बैंकका सिइओकै सिफारिसमा विवादित सहकारीकर्मी रबिन्द्र चौलागाईंले चढ्ने ल्याण्डक्रुजर गाडीमा लगानी गरेको प्रभु बैंकका कर्मचारीले किस्ता नतिरेको वर्षदिन पुग्न लाग्दासमेत

बाँकी सातौं पृष्ठमा


सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

हाम्रो विषेशताहरु:

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।

Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

Our Programs

- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

4 Years Bachelors Course

- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

SHANKARAPUR ACADEMY Estd. 2064

शंकरापुर एकेडेमी प्रा. लि.

सातदोबाटो, ललितपुर

फोन नं: ०१–५५५५५५३,५५५५५५०,९८४३२३३३६७

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"



मुलुकभर घटेको घटना सबैभन्दा छिटो सूचना पाउन लग अन गर्नुहोस्

www.khojtalashonline.com

कुनै सूचना भए khojtalashdainik@gmail.com मा ईमेल गर्नुहोला ।

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक
का.जि.का.द.नं. ५३/०५४/०५५

# न्याम्सको विकास र विस्तारका लागि डा. भुपेन्द्रको योजना



चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)को निमित्त उपकुलपति डा. भुपेन्द्रकुमार बस्नेतले प्रतिष्ठानको विकास र विस्तारका सात बुँदे योजना सार्वजनिक गरेका छन् । डा. बस्नेतले प्रतिष्ठानको निमित्त उपकुलपति रहे पनि न्याम्सको विकासका लागि काम सुरु गर्ने र भविष्यमा आउने उपकुलपतिले पनि यी विषयमा जोड दिँदा उत्तम हुने भएकाले सात बुँदे योजना तयार पारेको कुराकानीको क्रममा बताउनुभएको छ ।

'अहिले त म निमित्त उपकुलपति मात्र हुँ । तर वीर अस्पतालमा लामो समय काम गरेको अनुभव र विज्ञहरुसँगको छलफलका आधारमा सात बुँदे सुधारको योजना बनाएको हुँ,' उहाँले भन्नुभयो, 'यी विषयमा भोलिका दिनमा आउने उपकुलपतिले पनि काम गर्न सक्नुहुनेछ । भोलि आउने उपकुलपतिलाई पनि सहज होस् भनेर सात बुँदे योजना तयार पारेर काम अगाडि बढाउन खोजेको हुँ ।'

डा बस्नेतले न्याम्स विकास र विस्तारका विषयमा सञ्चारकर्मीसँग छलफल गरी न्याम्सको शैक्षिक, भौतिक, अनुसन्धानसहित वीर अस्पतालको सेवा सुधारका विषयमा तयार पारेको सात बुँदे योजना सुनाउनुभएको थियो ।

डा. बस्नेतले न्याम्सको नाममा भक्तपुरको दुवाकोटमा रहेको ५७० रोपनी जग्गामा शैक्षिक कार्यक्रमदेखि अस्पताल सञ्चालनको काम, देशका सबै संघीय अस्पतालमा पोष्ट ग्राजुयट कार्यक्रम चलाउने, न्याम्सका विभागलाई अन्तराष्ट्रिय विश्वविद्यालयसँग जोड्नका लागि अन्तराष्ट्रिय युनिट बनाउने, कर्मचारीको समस्या समाधान, वीर अस्पतालको सेवा विस्तार, अनुसन्धान लगायतका योजना बुँदागत रुपमा सुनाउनुभएको थियो ।

डा. बस्नेतले सार्वजनिक गर्नुभएको सात बुँदे योजनाहरु यस्ता छन् :

१. न्याम्सको नाममा रहेको ५७० रोपनी जग्गामा न्याम्सको केन्द्रीय १ हजार बेडको अस्पताल, शैक्षिक भवनहरू तथा आवास क्षेत्र बनाउने गुरुयोजना छ । जुन गुरुयोजना धेरै अगाडि बनेको थियो तर त्यो अनुसार काम हुन सकेको छैन । उक्त गुरुयोजना अनुसार न्याम्सको दुवाकोटमा अस्पताल, शैक्षिक भवन तथा आवास भवन बनाउने कामलाई अगाडि बढाउने काम पहिलो प्राथमिकतामा राख्नुभएको छ ।

२. न्याम्सको शैक्षिक कार्यक्रम ( एमडी, एमएस) अहिले कान्ति अस्पताल, प्रसूति गृह, सिभिल अस्पताल, गङ्गालाल र मानसिक अस्पताल लगनखेलमा चलिरहेका छन् । उक्त शैक्षिक कार्यक्रमलाई उपत्यकाभन्दा बाहिर नेपाल सरकारका सबै सङ्घीय अस्पतालहरूमा जस्तैः कोशी अस्पताल, भरतपुर अस्पताल, भेरी अस्पताल लगायतका अस्पतालहरूमा लैजाने ।

एमबिबिएस अध्ययनपछि पिजी अध्यनका लागि संख्यात्मक हिसाबले धेरै ग्याप छ । नेपालमा हरेक वर्ष तीन हजार विद्यार्थीले एमबिबिएस पास गर्छन् तर जम्मा ७ या ८ सयले मात्रै पिजी पढ्न पाउँछन् । सङ्घीय अस्पतालमा शैक्षिक कार्यक्रम लैजाने हो भने पिजी गर्ने विधार्थीहरुको संख्या बढ्छ । त्यो हुने हो भने चिकित्सकहरूलाई पनि पिजी गर्ने अवसर बढ्छ । पिजी कार्यक्रम सञ्चालन भएपछि त्यहाँ पढ्ने पढाउने, नयाँ-नयाँ अध्ययनहरू गर्ने हुँदा त्यहाँ बिरामीले पाउने सेवाको स्तर पनि बढ्छ । त्यसले विभिन्न अस्पतालहरूसँग चिकित्सकहरूको कनेक्सन राम्रो हुन्छ । जसकारण रेफरल सिस्टम पनि बलियो हुन्छ । त्यसैले संघीय अस्पतालमा शैक्षिक कार्यक्रम लैजानु एकदमै जरुरी छ र यसलाई हामी अगाडि बढाउने छौं ।

३. न्याम्सको अहिले भइरहेको संरचनामा हामी इन्टरनेशनल अफेअर सेक्सन (अन्तर्राष्ट्रिय मामिला विभाग) भनेर एउटा शाखा थप्छौं । त्यसपछि हामी न्याम्सको विभागहरूलाई बाहिरका ठूला ठूला प्रख्यात विश्वविद्यालयसँग एमओयु गरेर फ्याकल्टी एक्सचेन्ज प्रोग्राम र रेजिडेन्ट एक्सचेन्ज प्रोग्राम गर्छौं । जसकारण शिक्षाको गुणस्तर सुधार हुन्छ । साथै, यहाँ फ्याकल्टीले बाहिरका ठूला विश्वविद्यालय गएर हेर्न पाउँछन् र त्यहाँका विद्यार्थीहरू यहाँ आउन पाउँछन् । त्यसको लागि पनि हामी काम गर्छौं ।

४. वीर अस्पतालकै आन्तरिक सुधार धेरै जरुरी छ । जस्तैः ओपिडी कै लाइन धेरै हुन्छ । त्यसलाई व्यवस्थित गर्नु जरुरी छ । अप्रेसन थिएटरको पालो घटाउनु छ, आइसियुमा बेड नपाउने समस्या मिलाउनु छ, आकस्मिक कक्षमा बेड कम छ त्यसलाई पनि बढाउनु पर्ने छ । यो त हामीले सुरु समेत गरिसकेको काम हो । साथै फार्मेसीको क्षमता बढाउनु छ । यी सबै कुरा गरेर बिरामीलाई सुविधा दिने काम गर्नुका साथै हालै बीर अस्पतालको नयाँ भवनमा सफासुग्घरदेखि लिएर उपचारका लागि आउने विरामीहरुको सेवा सुविधाको लागि हामीले कुनै प्राइभेट अस्पतालको भन्दा कम नगरी सेवा दिन सफल बन्दै आइरहेका छौं । गरिब, निमुका विरामीहरुलाई पहिलो प्राथमिकतामा राखेर उपचारहरु गराइरहेका छौं ।

५. वीर अस्पताल भित्रका कर्मचारीहरूको पनि समस्या छ । केही नेपाल सरकारका कर्मचारीहरू छन् त केही चाहिँ न्याम्सका कर्मचारी छन् । उहाँहरुको वृत्तिविकासमा केही फरक छ । त्यसलाई हामी एकरूपता ल्याएर सबैको वृत्तिविकास हुने अवस्था सिर्जना गर्नेछौं ।

६. न्याम्सको स्थापना नै नेपाल सरकारका डाक्टरहरूलाई तालिम गराउने हिसाबले भएको हो । त्यसकारण नेपाल सरकारको नीति तथा कार्यक्रम, स्वास्थ्य मन्त्रालयको नेतृत्वको भावना अनुसार हामी विशिष्टीकृत जनशक्ति उत्पादन र नयाँ शैक्षिक कार्यक्रमहरू ल्याउँछौं ।

७. अहिले थुप्रो विश्वविद्यालय र एकेडेमीहरू छन् । जसको लागि एउटा छाता ऐन पनि आउने कुरा छ । त्यो ऐन आयो भने न्याम्स त्यसको एपेक्स बडी बनोस् भन्ने हिसाबले अगाडि लाविङ गरेर समेत काम गर्छौं ।

# मुस्लिम र क्रिस्चियन बढ्दा हिन्दु सतर्क



काठमाडौं । देशमा धर्मान्तरण कहाँ कहाँ भइरहेको छ र तारोमा को को छन् भन्ने जनगणनाले प्रष्ट पारेको छ । यसमा ठूलै लगानी र चलखेल भइरहेको छ । पछिल्लो समय धर्मान्तरणविरुद्ध आवाज नै उठ्न थालेपछि अमेरिकालगायत पश्चिमाहरु भस्किएका छन् । उनीहरु धर्मान्तरण गर्दै नेपाललाई डारफुर बनाउने डिजाइनमा लागेका थिए । तर, नेपालीहरु समयमै सतर्क भएका छन् । तर, अभै पनि धर्मान्तरणको गिरोह नै लागेको छ । उनीहरु विभिन्न प्रलोभन र अन्धविश्वास देखाएर भएपनि धर्मान्तरणमा लागिरहेका छन् । यसका लागि नेपालमा अरबौं रकम भित्रिइरहेको छ । विभिन्न बाटोबाट आउने यस्ता रकम धर्मान्तरणमा प्रयोग भइरहेको छ ।

त्यसो त देशमा हिन्दु धर्मालम्बीको जनसंख्या ८१.१९ प्रतिशत रहेको तथ्यांक सार्वजनिक भएको छ । २०७८ सालको जनगणना गत शुक्रवार साँझ सार्वजनिक भएकोमा हिन्दू र बुद्ध धर्मालम्बीको जनसंख्या प्रतिशत केही घटेको छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार इस्लाम ५.०९, किराँत ३.१७, क्रिस्चियन १.७६ प्रतिशत रहेका छन् । २ करोड ३६ लाख ७७ हजार ७४४ हिन्दु हुँदा बौद्ध धर्मालम्बी २३ लाख ९३ हजार ५४९ रहेका छन् । इस्लाम १४ लाख ८३ हजार ६६ पुगेका छन् । किराँत ९ लाख २४ हजार २०४ र क्रिस्चियन ५ लाख १२ हजार ३१३ छन् । कुनैबेला क्रिस्चियनको जनसंख्या सुन्य भएको देशमा अब ५ लाख कटेका छन् । त्यसो त मुसलमानको संख्या पनि ह्वात्तै बढेको छ । बुद्ध धर्मालम्बी घटेका छन् । बुद्ध धर्मालम्बीहरुलाई क्रिस्चियन बनाउने गिरोह नै लागेको छ । त्यस्ता गिरोह जनजातिको वस्तीमा सक्रिय छन् । २०६९ को जनगणनामा ८१.१३ प्रतिशत हिन्दु थिए भने ९ प्रतिशत बौद्ध धर्मालम्बी थिए । यो तथ्यांक अनुसार हिन्दु ०.१५ प्रतिशत र बौद्ध धर्मालम्बी ०.७९ प्रतिशतले घटेका छन् । इस्लाम ०.६९ प्रतिशत र क्रिस्चियन ०.३६ प्रतिशतले बढेका छन् ।

यसैगरी, नेपालमा सबैभन्दा बढी जनसंख्या क्षेत्रीको रहेको छ । क्षेत्री १६.४५ छन्, पहाडी ब्राम्हण ११.२९, मगर ६.९, थारु ६.२, तामाङ ५.६२, विश्वकर्मा ५.०४, मुसलमान ४.८६, नेवार ४.६, यादव ४.२१, राई २.२, परियार १.९४, गुरुङ १.८६, ठकुरी १.७, मिजार १.५५, तेली १.४८, लिम्बू १.४२, चमार १.३५, कुशवाहा १.२२ प्रतिशत रहेको तथ्यांक छ । सबैभन्दा कम नुराङ जाति ३६ रहेका छन् ।

नेपालको कुल जनसंख्याको ४४.८६ प्रतिशतको मातृभाषा नेपाली रहेको छ । २ करोड ९१ लाख ६४ हजार ५७८ पुगेकोमा १ करोड ३० लाख ८४ हजार ४५७ को मातृभाषा नेपाली रहेको हो । दोस्रोमा मातृभाषा मैथली रहेका ११.०४, भोजपुरी ६.२४, थारु ५.८८, तामाङ ४.८८, बजिका ३.८९, अवधि २.९६, नेवारी २.९६, मगर धुत २.७८ प्रतिशत छन् । २३ जना मात्र कुसुण्डा मातृभाषा रहेका छन् । नेपालमा १२७ भाषाभाषी रहेको तथ्यांक छ ।




10% Discount on Lab
10% Discount on Medicine
Free Home Delivery
दिर्घजीवन मेडिकल हल
इमाडोल-१, ललितपुर
फोन नं. ९८६५७०१४६७, ९८६३८५९६४१




खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **भरत महर्जन**, निर्देशक : **अमिता लक्ष्मी श्रेष्ठ (सैंजु)**, प्रधान सम्पादक **राजु बस्नेत**, सम्पादक : **शशी कोइराला**, कार्यकारी सम्पादक : **रुपक शाक्य**
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# भुटानी शरणार्थी प्रकरण 'हात्ती आयो, हात्ती आयो फुस्सा'

काठमाडौं । अन्तर्राष्ट्रिय जगतमा बेइज्जत हुने गरी आफ्ना नागरिकलाई शरणार्थी बनाएर विदेश पठाउने नाममा भएको बहुचर्चित ठगी काण्डको यतिबेला अदालतमा बहस चलिरहेको छ ।

उच्चपदस्थ व्यक्तिहरू संलग्न रहेको यो मुद्दामा जिल्ला अदालत काठमाडौंमा आइतबारदेखि बहस जारी छ । आम नागरिकले उत्सुकताका साथ हेरिरहेको यस मुद्दामा यही जेठ मसान्तसम्ममा आदेश आउने सम्भावना छ ।

थुनछेक बहस सकिएपछि अभियुक्तलाई साधारण तारेखमा वा धरौटीमा छोड्ने कि पूर्पक्षका क्रममा कारागार पठाउने टुंगो लाग्छ । जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलाशमा दुवै पक्षलाई दिन नै तोकेर समय छुट्याइएको छ । जसअनुसार मंगलबारसम्म सरकारी वकिल र त्यसपछिका सात दिन प्रतिवादीका वकिललाई छुट्याइएको छ । अन्तिममा सरकारी वकिलले जवाफी बहस गरेपछि अदालतले आदेश दिनेछ । सकभर साधारण तारेखमा नभए पनि धरौटीमा छुट्न 'हाइप्रोफाइल अभियुक्त'हरू चलखेलमा लागेका छन् ।

संगिन अपराधका योजनाकार र सहयोगीदेखि गिरोहको यो जनाअनुसार काम गरेका तत्कालीन गृहमन्त्री बालकृष्ण खाण, टोपबहादुर रायमाझी, सचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्रीका सल्लाहकार इन्द्रजित राईसम्मले अदालतसमक्ष कसुर नाटकीय ढंगले इन्कार गरेका छन् । जसले गर्दा 'हाइप्रोफाइल' आरोपीहरू सजिलै धरौटीमा छुट्ने हो कि भन्ने प्रश्न उठेको छ ।

पूर्वमहान्यायाधिवक्ताहरूलाई समेत आफ्नो वकिल राखे र अभियुक्तहरूले मुद्दा प्रभावित पार्ने प्रयास गरेका छन् । तर, प्रहरी अनुसन्धानमा बलियो प्रमाण भएकाले अभियुक्तहरूलाई सहज भने छैन । अदालतमा सबै प्रतिवादीले इन्कारी बयान दिएपनि प्रहरीले जुटाएको तथ्यका आधारमा उम्कने ठाउँ देखिदैन । तर, पूर्वमन्त्री बालकृष्ण खाण र टोपबहादुर रायमाझी हौसिएका छन् ।

यसअघि यो प्रकरणमा उच्च पदस्थको पोल केशव दुलाल र सानु भण्डारीले खोलेका थिए । उनीहरूले क-कसलाई कति रुपैयाँ दिएको भन्ने विषयमा प्रमाणसहित नै बयानमा खुलाइदिएपछि प्रहरी उच्चपदस्थसम्म पुग्न सफल भएको हो । तर, अदालतमा उनीहरूको पनि बोली फेरिएपछि चलखेलको गन्ध आएको छ ।

शरणार्थी प्रकरणले नेपालको अन्तर्राष्ट्रिय छवि र प्रतिष्ठामा आँच पुर्याएको छ । गृह प्रशासनका गोप्य दस्तावेजहरू किर्ते गरेर नक्कली भुटानी शरणार्थीको नाम घुसाइएका तथ्य अनुसन्धानबाट खुलिसकेका छन् । गृहमन्त्री र गृहसचिवदेखि गृहमन्त्रीकै सुरक्षा सल्लाहकारको संलग्नता रहेको अनुसन्धानबाट पुष्टि भइसकेको छ ।

त्यसकै आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले जेठ १० मा ३० जनालाई प्रतिवादी बनाएर राज्यविरुद्धको अपराध, ठगी, किर्ते र संगठित अपराधका कसुरमा कारबाही मागदाबीसहित अभियोगपत्र अदालतमा दायर गरेको थियो । उनीहरूलाई समेत प्रभावमा पारी अदालतमा बयान फेर्न लगाइएको छ । प्रहरी अनुसन्धानमा अपराध स्वीकार गरेका अन्य अभियुक्तले पनि अदालतमा फरक बयान दिएका छन् । यसका लागि प्रहरीकै सहयोगमा गोप्य बैठकहरू भएको स्रोत बताउँछ ।



अभियुक्तहरूलाई छुटाउन शीर्ष नेतृत्व नै लागेको स्रोतले दाबी गरेको छ । कांग्रेस सभापति शेरबहादुर देउवाले खाणनिकट नेताहरूसँग अदालतबाट छुट्ने बताएका थिए । एमाले अध्यक्ष केपीशर्मा ओलीको दौडधुप पनि बाक्लो रहेको स्रोत बताउँछ ।

तर, बयान बाहेक अन्य प्रशस्त प्रमाण भएकाले प्रहरी भने यो मुद्दामा ढुक्क छ । अर्कोतर्फ स्वदेश मात्र होइन विदेशमा समेत चासोका साथ यसलाई हेरिएकाले अदालतका लागि पनि यो मुद्दामा दबाब थेगे र प्रमाण हेरेरै आदेश दिनुपर्ने अवस्था छ ।

### आइजीको बर्दीमा दाग

नक्कली भुटानी शरणार्थी प्रकरणले प्रहरी नेतृत्वको बर्दीमा पनि दाग लागेको छ । प्रहरी महानिरीक्षक बसन्त कुँवरका शंकास्पद गतिविधिका कारण उनी यो प्रकरणमा विवादमा तानिएका छन् । तर, त्यो विषयलाई त्यतिकै ढिसमिस गराउने प्रयास पनि भएको छ । एसएसपी हुँदादेखि नै कुँवरको यस प्रकरणमा शंकास्पद भूमिका देखिएको तथ्यले देखाउछ । सुरुमा उनले पक्राउ परेका केशल दुलाल र टंक गुरुङलाई दबाबको भरमा छाडिदिएका थिए । पक्राउ पूर्जी जारी भएपछि पनि कुँवरको उनीहरूसँग भेटघाट भएको अनुसन्धानमा देखिएको छ ।

अर्कोतर्फ, बिचौलिया केशब दुलालले आइजीपी कुँवरसँग पनि आर्थिक सहयोग हुन्छ भन्ने कुरा सचिव टेकनारायण पाण्डेको च्याटबाट बाहिर आएको छ । पक्राउ परेकालाई छाड्नु, अभियुक्तसँग संवादमा हुनु र अनुसन्धानसमेत रोक्नुले यो प्रकरणमा कुँवरमाथि छानबिनको माग उठेको थियो ।

तर, उनीमाथि छानबिन गर्दा निलम्बन गर्नुपर्ने वा बिदामा राख्नुपर्ने अवस्था आएपछि छानबिन हुन नसकेको स्रोत बताउँछ । कांग्रेस नेताहरूमार्फत् उनले छानबिन रोकाएको स्रोत बताउँछ ।

आइजीपीमाथि छानबिनको विषय आएपछि चेन अफ कमाण्डविपरीत अनुसन्धानका विवरण सार्वजनिक गरेको र आइजीपीलाई हटाउन खोजेको विषय उठाएर यसलाई ओझेलमा पारिएको थियो ।

तर, प्रहरीले इतिहासमै ठूलो केसको अनुसन्धान गर्दा पनि त्यसको जस आइजीपी कुँवरले लिन भने पाएनन् बरु उनीमाथि नै प्रश्न उठेकाले उनको करिअरमा पनि दाग लागेको छ । यदि, दबाब थेकेर दोस्रो चरणमा निष्पक्ष अनुसन्धान गर्न सके दाग मेटाउन अवसर भने उनीमाथि अझै पनि छ ।

### प्रहरी नै हिरासतमा

नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वमन्त्री, बहालवाला सचिव, शरणार्थी नेता मात्र होइन प्रहरी अधिकारी नै जोडिएका छन् । हाल थुनामा रहेका १८ प्रतिवादीमध्ये एक प्रहरी अधिकारी भएको खुलेको छ ।

गत १२ जेठमा पक्राउ परेकी लक्ष्मी महर्जन प्रहरी कर्मचारी हुन् । उनी नेपाल प्रहरी अस्पतालमा प्रहरी नायब निरीक्षक( सई) पदमा कार्यरत छिन् । प्राविधिकतर्फ स्टाफ नर्सका रुपमा कार्यरत उनी अन्जानबस यो प्रकरणमा मुछिएकी हुन् ।

उनका श्रीमान हरिभक्त महर्जन पनि सो मुद्दाका प्रतिवादी हुन् । हरिभक्त एक सहकारीमा काम गर्दथे । उनका साथी टोखाका हरिशरण केसी हुन् । केसीले अमेरिका पठाउने आश्वासनमा आफ्ना आफन्तहरूसँग पनि पैसा उठाएका थिए । घर समेत धितो राखेर पैसा निकाली तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'का छोरा प्रतिकलाई बुझाए । तर, न काम भयो, न त पैसा फिर्ता भयो उल्टै उनी यतीबेला प्रहरी हिरासतमा छन् ।

रामशरण र हरिभक्त साथी हुन् । शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै पैसा लेनदेनमा उनी पनि संलग्न थिए । हरिभक्त र उनकी श्रीमती लक्ष्मीको पनि खाता प्रयोग भएको थियो । त्यही आधारमा उनीहरुलाई समेत प्रतिवादी बनाइएको हो । खाता प्रयोग भएकै आधारमा १० जनालाई प्रतिवादी बनाइएको छ । जसमध्ये हरिभक्त र लक्ष्मी भने आफैं अदालतमा उपस्थित भएका छन् । उनीहरुजस्तै राजेश अर्याल लगायत व्यक्ति यो घटनामा खाता प्रयोग गर्न दिएकै आधारमा राज्यविरुद्धको अपराध मुद्दा झेल्न बाध्य छन् । अर्याल रामकुमार रेग्मीको कम्पनीको कामदार थिए । रेग्मीले विभिन्न व्यक्तिबाट अर्यालको खातामा पैसा मगाउँथे । निकालेर अन्य व्यक्तिलाई दिन्थे । अहिले यो मुद्दामा रेग्मी पीडित बनेका छन् भने अर्याल भने अभियुक्त बनेका छन् ।

प्रहरीले खाता प्रयोग भएका व्यक्तिहरुलाई साक्षीका रुपमा अदालतमा पेश गर्न सक्ने अवस्था थियो । तर, उच्चपदस्थलाई जोगाउन खोज्ने तर पहुँच नभएकालाई थुन्ने अनुसन्धान प्रणालीका कारण निर्दोषहरु समेत फसेका छन् ।

# बिना विभागीय मन्त्रीको व्यवस्थापनमा समस्या

हेटौंडा । जेठ ७ मा मुख्यमन्त्री जम्कट्टेलले मन्त्रिपरिषदलाई पूर्णता दिँदै सरकारमा १२ जना मन्त्री नियुक्त गरेका थिए । उनले प्रदेशको ११ मन्त्रालयमा १२ मन्त्री नियुक्त गरेका थिए । जसमा ११ मन्त्रीलाई विभागको जिम्मेवारी दिइएको थियो भने एक मन्त्रीलाई पछि जिम्मेवारी तोक्नेगरी नियुक्त गरिएको थियो ।



मुख्मयन्त्री जम्कट्टेलले सो दिन सरकारमा ६ मन्त्री थप गरेका थिए भने त्यस अगाडि ६ मन्त्री कायम थिए । प्रदेशको तत्कालीन १४ मन्त्रालयबाट घटाएर ११ कायम गरेका मुख्यमन्त्री जम्कट्टेलले भागबण्डा मिलाउन निकै कसरत गर्नुपरेको थियो ।

मन्त्रालय नबढाउने योजना बनाएका उनलाई कांग्रेससँगको सम्झौताले निकै समस्या बढायो । जसले गर्दा उनले बाध्य भएर ११ मन्त्रालयमा १२ मन्त्री नियुक्त गरेका थिए ।

बिना विभागीय मन्त्री रामकृष्ण चित्रकारको व्यवस्थापनका लागि मुख्यमन्त्री जम्कट्टेललाई कांग्रेसको निरन्तर दबाब रहँदै आएको छ । नीति तथा कार्यक्रम र बजेट निर्माणमा कुनै भूमिका नहुने भएपछि कांग्रेसका चित्रकार मन्त्रालयको जिम्मेवारीका लागि प्रयासरत छन् । विभागीय जिम्मेवारी नभएकाले उनलाई बजेटको सिलिङ समेत प्राप्त हुन सकेको छैन भने सचिवालय व्यववस्थापनमा समेत समस्या व्यहोर्नु परिरहेको छ ।

कांग्रेस बागमती प्रदेश संसदीय दलको उपनेता समेत रहेका चित्रकारलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको एक कोठामा सीमित बनाइएको छ । उनलाई पीएसओ, एक स्वकीय र सवारी बाहेक अन्य कुनै सुविधा प्राप्त हुन सकेको छैन ।

सरकारले बजेट पारित गरेपछि मात्र मन्त्रालय थप गरेर चित्रकारलाई विभागीय जिम्मेवारी दिने तयारी गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले जनाएको छ ।

बिना विभागीय मन्त्रीको व्यवस्थापनका लागि प्रदेशमा एक मन्त्रालय थप गर्नुपर्ने हुन्छ । जस अनुसार कुन मन्त्रालय निर्माण गर्ने भन्ने विषयमा सत्तारुढ दलहरुबीच नै मतभेद छ ।

मन्त्री चित्रकारका अनुसार कांग्रेसले प्रदेशको बजेटको आकार, खर्चको दर र राजनीतिक सहमति अनुसार १२ मन्त्रालय निर्माण गर्ने सहमति भएको छ । सोही अनुसार प्रदेशमा एक मन्त्रालय थप गर्न कांग्रेसले पहल गरिरहेको उनको भनाई रहेको छ ।

राजनीतिक सहमति र प्रदेशको बजेटको आकारका हिसाबले भौतिक पूर्वाधार विकास मन्त्रालय विभाजन गरेर आफूलाई विभागीय जिम्मेवारी दिनुपर्ने चित्रकारले बताए । सो विषयमा सत्ता गठबन्धनभित्र कांग्रेसले निरन्तर छलफल गरिरहेको उनको भनाइ छ ।

'भागबण्डामा मन्त्रालय विभाजन हुने भन्दा पनि नागरिकको काममा सहजता प्रदान गर्न राजनीतिक सहमति र बजेट तथा खर्चको आकार अनुसार विभाग तोकिनुपर्छ भन्ने हो,' मन्त्री चित्रकारले भने, 'कांग्रेसले सहमति र बजेटको आकार हेरर सबैभन्दा बढी बजेट भएर पनि खर्च हुन नसकेको भौतिक मन्त्रालय विभाजन गरी विभाग तोक्न कांग्रेसले छलफल गरिरहेको छ ।'

भौतिक पूर्वाधार मन्त्रालयबाट शहरी विकास मन्त्रालय अलग गरेर जनतामा डेलिभरी दिने विषयमा सरकार अगाडि बढ्नुपर्ने उनले बताए । उक्त प्रस्ताव कांग्रेसको मात्र नभएर नागरिकसम्म सेवाको डेलिभरी पुर्‍याउने विषयमा सबै दलका लागि उपयुक्त हुने उनको भनाइ छ ।

'भौतिक मन्त्रालयको २५ अर्ब रुपैयाँ बजेटमध्ये ७/८ अर्ब रुपैयाँ खर्च हुने अवस्थामा छैन । सो बजेट खर्च गरेर जनताहरु माझ प्रदेश सरकारको सेवा सुविधा र विकास पुर्‍याउनु पर्छ भन्ने विषय महत्वपूर्ण हो,' चित्रकार बताउँछन् ।

यता प्रदेश सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रमा भने मन्त्री चित्रकारलाई विभागीय जिम्मेवारी प्रदान गर्ने विषयमा फरक मत छ । माओवादी केन्द्र कुनै पनि अवस्थामा भौतिक पूर्वाधार मन्त्रालय विभाजन गर्न नहुने पक्षमा देखिएको छ ।

उक्त मन्त्रालयको जिम्मेवारी माओवादी केन्द्रका मन्त्री युवराज दुलालले सम्हालदै आएका छन् । मुख्यमन्त्री जम्कट्टेलको सचिवालयले भौतिक मन्त्रालय विभाजन गर्न खोजे वा विभाजन भए मन्त्री फिर्ता बोलाएर आर्थिक मामिला तथा योजना मन्त्रालयमा दाबी गर्ने बताउँदै आएको छ । सचिवालयका अनुसार मन्त्रालय विभाजन गरेरमात्र हुँदैन, सो अनुसारका संरचना पनि निर्माण गर्नुपर्ने भएकाले भौतिक मन्त्रालय विभाजन गर्दा समस्या हुनेछ ।

'हामी भौतिक मन्त्रालय विभाजन गर्न खोजे दुबै मन्त्रालय कांग्रेसलाई नै दिएर अर्थ मन्त्रालयमा दाबी गर्छौं । सो मन्त्रालय विभाजन गर्न संरचनागत समस्या हुन्छ । जसले गर्दा काम गर्न निकै कठिन हुन्छ,' सचिवालयका एक सदस्यले भने ।

मन्त्रालय विभाजनका विषयमा अन्य मन्त्रालय छनौट गरेर उपयुक्त प्रकृतिको निर्माण गरेर अघि बढ्न सकिने तर भौतिक मन्त्रालयको विषयमा सहमति गर्न नसकिने उनले बताए ।

यता, मुख्यमन्त्री जम्कट्टेल भने तत्काल बिना विभागीय मन्त्रीको व्यवस्थापनका विषयमा कुनै छलफल नभएको बताउँछन् । उनका अनुसार छिटै सो विषयमा छलफल गरेर सरकार सहमतिमा पुग्नेछ । हाल बजेट निर्माणको तयारी भइरहेकाले मन्त्रालय विभाजन र जिम्मेवारीका विषयमा छलफल हुन नसकेको उनले बताए ।

## चापागाउँ प्रहरीद्वारा २० लाख बराबरको अबैध समान बरामद

ललितपुर । ललितपुरको सुनाकोठीस्थित चिबाहालबाट २० लाख भन्दा बढी राजश्व छली गरेको अवैध समान प्रहरीले बरामद गरेको छ ।

नियमित चेकजाँचको क्रममा प्रहरी बृत्त चापागाउँको टोलीले चेकजाँच गर्ने क्रममा सवारी साधनको अगाडि सिसामा प्रेस लेखिएको सवारी साधनभित्र अवैध म्याद सकिएको प्रेस परिचयपत्र वाहक सवार व्यक्तिहरु चढेको पिकअपमा अस्वाभाविक समानहरु भेटिएपछि शंक लागि चेकजाँच गर्दा बिल तथा कागजात नभएका रजनीगन्धा, तुलसी, खैनी, गुड्खाहरु, कत्थासमेत गरी अन्दाजी २० लाख ७३ हजार ५ दसय ९० बराबरको सामान चेकजाँचमा खटिएको प्रहरीले नियन्त्रणमा लिएको हो ।

नियन्त्रण लिने क्रममा अवैध सामान सहित अन्य व्यक्तिको नामको म्याद गुज्रिएको प्रेस पास तीन थान, बागमती प्रदेश ०१–०२६ च ८९८० नम्बरको इसुजु पिकअप गाडीसहित रितपूर्वक बरामद गरी सवारी चालकदिपक प्रसाद लामिछाने, सवार राम ईकवाल प्रसाद चौरासियालाई आवश्यक कारबाहीको लागि आन्तरिक राजश्व कार्यालय हरिहर भवन पुल्चोक पठाईएको प्रहरीले जनाएको छ ।

## हुलाकी राजमार्ग निर्देशनालयको अपिल

हुलाकी सडक योजना अन्तर्गतका जिल्लाहरुमा स्तरोन्नती र निर्माणाधिन हुलाकी राजमार्ग तथा सहायक राजमार्गहरुमा सडक सिमा भित्र घर टहरा, अन्य अस्थायी तथा स्थायी संरचनाहरु निर्माण तथा सडक किनारामा पसल/व्यवसाय संचालन गरी सडक अतिक्रमण नगरी दिनुहुन तथा हाल स्तरोन्नती/निर्माणाधिन भइरहेको हुलाकी सडकको सहज संचालनको लागि सहयोग गरिदिनु हुन सम्बन्धीत सबैमा हार्दिक अपिल गर्दछौं ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हुलाकी राजमार्ग निर्देशनालय
मीनभवन, काठमाडौं ।

# मोदीले पठाएको मुर्रा भैंसी के हो ?

काठमाडौं । कूटनीतिमा अनेकन सन्देश हुन्छन् । कतिपय अवस्थामा सामान्य लाग्ने सहयोग पनि ठूलै हुन्छ । लखनऊका नवाफको गाई चासोमा परेको इतिहास साक्षी छ । बढी दूध दिने गाई विदेशी पाहुनाले लान खोज्दा खान्की देखेर कान समातेका थिए । नवाफको गाईले काजु किसमिस बदाम जस्ता चीजहरु खान्थे । गाई, भैंसी भन्दैमा हुँदैन । त्यसको महत्व आफ्नै हुन्छ । भारतमा मुर्रा जातको भैंसीको विशेष महत्व छ । बढी दूध दिने भैंसी मुर्राको माग विश्वभर भइरहेको छ । नेपालले पनि सात वर्ष अघिदेखि माग्दै आएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारत भ्रमणबाट फर्कँदै गर्दा भारत सरकारले उन्नत जातको मुर्रा भैंसी उपहार दिएको घोषणा गर्‍यो । मुर्रा भैंसी उपहारले प्रचण्डलाई धेरै व्यंग्य गरियो । उन्नत जातको यो भैंसी नेपाल सरकारले सात वर्ष अघि नै भारतसँग मागेको थियो । जुन बल्ल प्राप्ति भयो । रोचक त यो छ कि प्रचण्डले विगतमा भैंसी पूजा गरेको तस्बिर भाइरल भएको थियो । भारत भ्रमणको बखत भैंसी उपहार आयो । यसकारण पनि व्यङ्ग्य गरियो । यो त एउटा संयोग मात्र थियो ।

प्रचण्डले महाकालेश्वरको दर्शनको अवसर पनि प्राप्त गरे । मध्य प्रदेशको यो मन्दिर निकै पुरानो र दैनिक लाखौंले दर्शन गर्ने भएकाले प्रशिद्ध छ । औपचारिक भ्रमणका बखत प्रचण्डले नेपालको प्रधानमन्त्रीको रुपमा मन्दिरको दर्शन गरे । नेपालको पशुपतिनाथ पनि नपसेका प्रचण्ड भारतको महाकालेश्वर पुगे । कतिपयले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले प्रचण्डलाई मन्दिर प्रवेशको अवस्था बनाइदिएको टिप्पणी पनि गरेका छन् । महाकालेश्वर जान परराष्ट्रमन्त्री एनपी साउदले बढी पहल गरेका थिए । साउद धार्मिक स्वभावका छन् । उनी जुन देशमा गएपनि त्यहाँको मन्दिर गइरहेको तस्बिर राख्छन् ।

# यी नेताहरूको भारत दौड किन

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहालले चार दिवशीय भारत भ्रमण गर्दा अघि र पछि प्रभावशाली नेताहरु भारत पुगे । उनीहरुले भारतीय नेताहरुसँग महत्वपूर्ण भेटवार्ता समेत गरे । भ्रमणलाई समेत प्रभावित पार्ने उद्देश्यले यी गतिविधि भएको विषय नआएको होइन । यसका पछाडि उनीहरुको व्यक्तिगत राजनीतिक स्वार्थ पनि लुकेको छ ।

संसदको चौंथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने यसै हप्ता मुम्बई पुगे । उनी साइबाबालाई भेट्न पुगे । रविका साथमा पत्नी निकिता पौडेल पनि छिन् । निकिताको मुम्बईसँग व्यवसायिक नाता पनि छ । उनका पिता उद्धव पौडेल फिल्मी दुनियाँसँग जोडिएका छन् । मुम्बई फिल्मी दुनियाँको हब नै हो । व्यवसायिक कामका लागि मात्र नभई राजनीतिक उद्देश्यले पनि रवि भारत पुगे ।

अर्का प्रभावशाली नेता काठमाडौं महानगरपालिकाका मेयर बालेन साह पनि भारत पुगे । उनी बिहिवार बैंगलोर पुगे । बालेन साहको साथमा पत्नी सविना काफ्ले पनि थिइन् । बालेन बैंगलोर पुग्नुमा व्यक्तिगत काम मात्र भनिएपनि राजनीतिक उद्देश्य पनि निहित देखिन्छ । उनी भविष्यका लागि राजनीतिक मार्ग प्रशस्त गर्न लागिपरेका छन् । प्रचण्ड भारत भ्रमणमा जानुभन्दा ठिक अघि जनमत पार्टीका अध्यक्ष सीके राउत पनि भारत पुगेका थिए । उनले भारतमा भाजपा विदेश विभाग प्रमुख विजय चौथाइवालेसँग पनि भेटेका थिए । राउत नेपाल फर्किंदा प्रचण्ड भारतमै थिए । नेपालमा नयाँ राजनीतिक शक्तिहरु प्रभावशाली भइरहँदा तिनका नेताहरु भारत भ्रमणमा जानुलाई अर्थपूर्ण मानिएको छ । रवि लामिछाने, बालेन साह र सीके राउत उदीयमान शक्तिका नेता हुन् । उनीहरु धमाधम भारत दौडाहामा जान थालेका छन् ।

# प्रचण्ड साउनमा चीन जाने

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारतबाट फर्किएका छन् । अब उनको ध्यान चीनतर्फ मोडिएको छ । प्रचण्ड साउनको मध्यतिर चीन जाने भएका छन् । यसको खुलासा चीन भ्रमणबाट फर्किएका नेकपा माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले गरे । प्रचण्डले भ्रमणको सम्भावित मितिबारे चिनियाँ पक्षलाई सन्देश पनि पठाएको खुलेको हो । गत हप्ता चीन भ्रमणबाट फर्किएको नेकपा माओवादी केन्द्रका अध्यक्ष अग्निप्रसाद सापकोटासहितको २० जना माओवादी नेताहरुको टोलीले पत्रकार सम्मेलन गरी प्रचण्डको सम्भावित चीन भ्रमणबारे खुलाए । भ्रमण दलका नेता सापकोटाले प्रचण्डले नै अगष्टको सुरुतिर भ्रमणको सम्भावनाको सन्देश आफूमार्फत् पठाएको बताए ।

प्रचण्ड भारत भ्रमणमा रहँदा चीन भ्रमणको सम्भावित मितिबारे खुलासा भएको हो । भारत जानुअघि नै प्रचण्डलाई चीन भ्रमणको निम्तो आएको थियो । तर, उनले पहिलो विदेश भ्रमणको गन्तव्य भारतलाई नै बनाए । माओवादी उपाध्यक्ष सापकोटाले चीनको बीआरआईबारे पनि कुराकानी भएको बताए । बीआरआईका केही योजना अनुदानमा भए आयोजना अगाडि बढाउन सकिने प्रस्ताव राखेको जानकारी दिए । २०१७ मा चीनसँग नेपालको बीआरआई सम्झौता भएपनि आयोजना बढ्न सकेको छैन । नेपालले ऋणमा नभई अनुदानमा मात्र बीआरआई स्वीकार्ने अडान लिएको छ ।

# यो संसार, सभ्यता, संस्कार र नागरिक स्वस्थ केवल उर्जा शक्तिले मात्र राख्न सक्छ !



डी .बी. शाही
उर्जा शक्ति थेरापिस्ट

आधुनिक र बैज्ञानिक समाज शिक्षाको क्षेत्रमा ,निर्माणको क्षेत्रमा, शोध र अनुसन्धानको क्षेत्रमा, मनुष्यको शारीरिक बनावटको क्षेत्रमा, पशुपंक्षीलगायत वनस्पतिको क्षेत्रमा लगभग लगभग सम्पूर्ण जानकारी राख्न सक्ने अवस्थामा पुगिसकेको देखिन्छ ? यति मात्र होइन आजको मनुष्य पृथ्वी र सौरमण्डलको बारेमा पनि सबै कुराको ज्ञाता भइसकेको छ र अहिलेसम्म उसले सुल्झाउन नसकेका थुप्रै कुराको पत्ता लगाउन सक्ने योग्यता पनि हासिल गरिसकेको छ । तर उसको शोध खोज र अनुसन्धानमा भने थुप्रै अप्ठ्याराहरु छन् र ती अप्ठ्याराहरुको भने समाजको शुरुकै दिनदेखि अहिलेसम्म र भविष्यमा पनि नसुल्झिने या सुल्झाउन नसकिने या यकिन गरेर ठोकुवा गरी भन्न सक्ने या प्रमाण दिन सक्ने आधार या क्षमता अहिलेसम्म देखिएको पनि छैन र भविष्यमा पनि देखिने छैन । भगवान छ या छैनमा कन्फ्युज्ड छ, देवीदेवता र भुतप्रेतमा कन्फ्युज्ड छ, धामीझाँक्री, ज्योतिषीमा कन्फ्युज्ड छ, तन्त्रमन्त्रमा कन्फ्युज्ड छ । यिनै कुराहरुले गर्दा मनुष्य शुरुदेखि अहिलेसम्म र भविष्यमा पनि दुइटा विचारमा बाँडिएको छ र दुइटैको बारेमा दुबै पक्षसँगै बसेर छलफल, अनुसंधान गरेर यो बिषयको टुङ्गो लगाउनुको साटो एकअर्कालाई दोषारोपण गर्दैमा अधिकांश समय बर्बाद गरिरहेको छ ।

समाजलाई स्वयं मनुष्यले नै भौतिकवाद र अध्यात्मवादम दुई टुक्रामा टुर्क्याएर मनुष्य नै मनुष्यको दुश्मन बनाएको छ । भौतिकवादले अध्यात्मवादको अस्तित्व स्वीकार गर्न नसक्ने कुनै सोलिड प्रमाण दिन सक्छ न अध्यात्मवादले भौतिकवाद स्वीकार नगर्न सक्ने कुनै आधार प्रमाणित गर्न सक्छ । मिडियामा,पत्रपत्रिकामा अध्यात्मवाद नस्वीकार्नेहरु पनि धामीझाँक्री, तन्त्रमन्त्र, मन्दिर मन्दिर, ज्योतिषी कहाँ आफ्नु असफलताको कारण भाग्यलाई या लागुभागु भनेर ताँती लाग्ने चलन झन्झन् बढ्दै गएको देखिन्छ भने उता लागुभागु भन्नेहरु पनि दुआ र दवा भनेर औषधी खानै पर्छ भनेर पठाउँछन् । यसरी सबै कुराको वास्तविक रुपमा सोच विचार गर्ने हो भने समस्या कहाँनेर छ त दुबैले दुइटै विचार आँखिर मानेकै देखिन्छ ? विचारमा विचलन नभएको कुरामा त मनुष्य सफल भयो तर जहाँनेर उसको विचारमा कन्फ्युजन आयो त्यो विचार उसले स्वीकार्न पनि सकेन र नकार्न पनि सकेन । जहाँ जुन बिषयमा मनुष्य कन्फ्युज्ड हुन्छ त्यसमा उसलाई भगवान या विज्ञान जसले साथ दिए पनि कुनै हालतमा सफल हुन सक्दैन । आजको अत्यन्त आधुनिक बैज्ञानिक समाजले धेरै उन्नति तरक्की गरेको देखिए पनि वास्तवमा उ जतिजति उन्नतिशील हुँदै सहज, सरल र स्वस्थ्य जीवन जिउने प्रयासमा विलासिताको दास बन्दै गै राखेको छ त्यतित्यति रोगी हुँदै आफ्नो भौतिक शरीरलगायत मन मस्तिष्क, सीप, योग्यता, शिक्षालाई कसैको या कामको दास बनाउदै गएको छ । सम्पन्न तथा धनवान् बन्ने लालसामा धनभन्दा बढी टेन्सनको कुम्लो गरुँगो बनाउँदै गएको छ र त्यही टेन्सनले आफ्नु शरीरलाई रोगले सजिलै सस्तैमा बास बस्ने धर्मशाला बनाउदै गएको छ । कतिपय रोगलाई क्रोनिक भनेर आधुनिक स्वास्थ्य विज्ञानले अनक्युरेबल (सन्चो पार्न नसकिने) भनेर स्वयं भनेको छ अनि डोकोको डोको औषधी के को लागि घिचाउ छ त अत्यन्त विद्वान र उच्च शिक्षित मनुष्यले कहिलै त्यसबारे १% पनि सोच्ने ,विचार गर्ने गरेको छ ? सामान्य फ्लू यानि रुगाखोकी औषधी खाए पनि एकहप्ता नखाए पनि एक हप्तामा ठिक हुन्छ भन्छ अनि औषधी सेवन गरे पनि नगरे पनि एक हप्तामा सन्चो हुन्छ भने औषधीको नाममा मान्छेलाई केमिकल किन घिचाउने ? स्वास्थ्यप्रति आफैलाई अत्यन्त सजग र जानकार भएको गर्व गर्ने सचेत मान्छेहरुले औषधीको नाममा जुन बिषाधी दालभात भन्दा बढी खाने गर्छन् कमसेकम त्यो औषधीको फाइदाको साथसाथै हानि (साइड इफेक्ट) कति छ भनेर औषधी बनाउने कम्पनीले नै फाइदा र हानिबारे प्रष्ट रुपमा भनेका भनाइहरु या चेतावनीबारे कहिलै सोच विचार र अध्यन गर्ने फुर्सद पाएका छन् ? दुख्यो भने दुखेको आराम हुन्छ भनेर पेन किलर कुनै डाक्टरको सल्लाह विना आफै खाइ हाल्छन् तर कहिले सोचेका छन् जुन पेनकिलर खाँदैछन् त्यसको साइड इफेक्ट कति छ ? पेनकिलर प्रेस्क्राइब गर्ने चिकित्सक स्वयंले कतिपय लेखमा, अन्तर्वार्तामा त्यसको हानी बारे पटक पटक भनी राखेका छन्, लेखी राखेका छन् ? पेन किलरको जथाभावी प्रयोगले आज आन्द्रामा प्वाल पर्ने, किड्नी ड्यामेज हुने कुरा स्वयं यी औषधी बनाउने कम्पनी, चिकित्सक र स्वास्थ्य सम्बन्धि शोध गर्ने संस्थाहरु सबैले भन्ने गरेको र जथाभावी सेवन नगर्न चेतावनी दिइरहेका हुन्छन् तर मान्छे त्यसको सकारात्मक र नकारात्मक असरभन्दा पनि तत्काल राहत कसरी लिन सकिन्छ भन्ने सोचमा बन्दी बनेर आफ्नु स्वास्थ्यसँग स्वयं खेलवाड गरिरहेको छ ? अनि भौंतारी रहेको छ, ठुलो अस्पताल धाउँछ धाउँछ सन्चो नभए प्राकृति चिकित्सा तिर लाग्छ त्यहाँ पनि सन्चो नभए विभिन्न थेरापी हुँदै धामीझाँक्री, ज्योतिष, साधुसंत मातालगायत सम्पूर्ण जति पनि अहिले स्वास्थ्य र लागुभागुको उपचारको नाममा, भविष्यवाणीको नाममा गुगलबायदेखि माताहरु तथा टेलेन्टलाई विश्वमा चिनाउने नाममा कसैका बच्चाहरु ल्याएर रातदिन कडा परिश्रम गर्न लगाएर अपांग बनाउने, कसैका बच्चाहरु झाडीमा फाल्न लगाएर भिडियो बनाई डोनेशनको भिख माग्ने षड्यन्त्र रच्ने युट्युबे पत्रकारहरु, सहयोगको नाममा चन्दा उठाएर आफ्नु पनि गासबासको व्यवस्था राम्रै गर्न सक्ने क्षमता भएकाहरु, आइकन्टेकटबाट जस्तो सुकै रोग निको पार्ने, हुँदाहुँदै अब त मरेका मान्छेहरु पनि जिउँदो पार्ने क्षमता भएका ब्यक्तिहरु केवल नेपालमा मात्रै पाइन्छन् । जति जात उति टेलेन्ट, उति नै जानकार । नेपालीले नजानेको भन्ने केही छैन तर विडम्बना काम गर्न बिदेश जानुपर्ने, उपचार गर्न बिदेश जानुपर्ने, धनी बन्न मान्छे बिदेशमा बेच्नुपर्ने, शिक्षा हासिल गर्न बिदेश जानुपर्ने, खाने कुरा बिदेशबाट मगाउनु पर्ने, लुगालत्ता बिदेशबाट मगाउनु पर्ने, ग्यास, तेल बिदेशबाट मगाउनु पर्ने, सामान्ने साइकल र सियो धागो र बटनसमेत बिदेशबाट मगाउनु पर्ने, मन्त्री बन्न र मन्त्री पद जोगाउन '....दुर है' को दरवार धाएर सास्टाङ्ग दण्डबत गर्नै पर्ने अनि हामीले देखाउने युट्युबे मल्टी टेलेन्ट भन्या यस्तै केवल राष्ट्रघात गरेर बिदेशी शक्ति केन्द्रको बिचौलिया बनेर नमकहलाली गर्ने हो ? बिश्वमा बिश्वसनीयता र प्रसिद्धि कमाएका सिंहदरबार बैद्यखाना र जडिबुटीजस्ता स्थापित हुँदै गएका स्वास्थ्यको क्षेत्रमा सराहनीय कार्य गर्न सफल संस्थाहरु परिवर्तनको नाममा र बिदेशी फार्मको कमिशनको कलोमा ध्वस्त पार्न लगाउने, उद्योग धन्दा बेच्न लगाउने बिचौलियाहरु राष्ट्रवादी र राष्ट्रको उन्नति गर्न चाहन्छन् भनेर सोच्नु पनि रोगी कमिशनखोर मानसिकताको लक्षण हो, जो दिन प्रतिदिन छर्लङ्ग हुँदै गएको छ ।

आज हामी शारीरिक रुपमा मात्रै अस्वस्थ छैनौं भौतिक, नैतिक, सैद्धान्तिक, वैचारिक, मानसिक, धार्मिक, शैक्षिक, सामाजिक रुपमा पनि क्रोनिक डिजिजका सिकार बन्दै गएका छौं । सामाजिक, शारीरिक र मानसिक रुपमा केयर (सन्चो) नहुने रोगले आफ्नो जालोमा फसाउदै लानु भनेको न कुनै आम नागरिकको लागि ठिक हो, नकुनै भिआइपीका लागि ठिक हो, नकुनै समाजका लागि ठिक हो, न कुनै संघ संस्थाका लागि ठिक हो, न कुनै राजनीतिक दलका लागि ठिक हो, न कुनै सरकारका लागि ठिक हो ? यो केवल बिग फार्मा र बिचौलियाहरुका लागि मात्र कमाइ खाने भाँडो हो । सर्वप्रथम कुनै पनि समाज, सरकार, संघ संस्था, गाउँ परिवार सुखी, सफल, समृद्ध र सक्षम हुनको लागि त्यो सिस्टमलाई चलाउने र त्यसमा बाँच्ने मानिसहरु स्वस्थ हुन जरुरी हुन्छ त्यसैले हामीले बहुतै ध्यान दिनुपर्ने या केयर गर्नुपर्ने भनेको एक नम्बरमा हाम्रो स्वास्थ्य नै हो, जब हाम्रो स्वास्थ्य स्वस्थ हुन्छ हाम्रो मन मस्तिष्क पनि स्वस्फूर्त हुन्छ, हाम्रो सोच विचार पनि स्वस्थ र सकारात्मक हुन्छ, हामीले जुन काम गरे पनि त्यो काम सफा, सुन्दर र सफल हुन्छ । वास्तवमा हामीले अलि गहन भएर सोच्ने हो भने यो ब्रह्माण्डको कुनै पनि प्राणीको जिउने आधारशिला भने कै सकेसम्म स्वस्थ रहनु हो । मनुष्य स्वस्थ भए मात्रै उ खाना खान सक्छ, उ आँटेको काम गर्न सक्छ, उ सोचेको ठाउँ जान सक्छ, उ जेकाम पनि स्वस्थ भए पछि मात्रै गर्न सक्षम हुन्छ त्यसैले काम, नौकरी, पद, खाने कुरा सबै स्वस्थ शरीरलाई मात्र आवश्यक पर्छ, अस्वस्थ मान्छे नखान सक्छ, नकाम गर्न सक्छ, नपढ्न सक्छ, न जागिर खान सक्छ उल्टै उसलाई केयर गर्ने अर्को स्वस्थ मान्छे चाँहिन्छ । यसरी समग्रमा हेर्दा विचार गर्दा कुनै पनि प्राणीको एउटा जीवन चक्रको पाँग्रा सन्तुलित रुपमा गुडाउन स्वस्थ हुन आवश्यक छ, स्वस्थ रहन संतुष्ट हुन आवश्यक छ र संतुष्ट रहन उर्जावान हुन आवश्यक छ ।

मनुस्मृतिमा लेखिएको या भनिएको छ कि
"संतोषं परमास्थाय सुखार्थी संयतो भवेत् ।
संतोष मूलं हि सुखं दुखमूलं विपर्यय:॥"

अर्थात् सुखको चाहना राख्ने मान्छेले परम् सन्तोषलाई धारण गरेर संयमित जीवन व्यतीत गर्नु पर्छ किन भने सन्तोष नै सुखको मूल (आधार) हो भने असंतोष दुखको मुख्य कारण हो ।

अर्को "संतोषम परम सुखम।" यानी जे आफुसँग तत्काल उपलब्ध छ त्यसैमा संतुष्ट हुन पनि भनिएको छ तर मान्छे भन्ने प्राणी अरु सबै प्राणीहरमा बुद्धिमान, विवेकशील, विचारशील, अन्वेषक, अनुसन्धानकर्ता, निर्माणकर्ता, विनाशकर्ता, ब्रह्मा, बिष्णु र महेश्वर कै सकारात्मक र नकारात्मक मानव र दानव रुपी सन्तान भएको कारण यिनीहरुमा तिनै तिनवटै भगवानहरुको गुण पाइने भएकोले मान्छेको संतुष्टीलाई उसको स्वास्थ्यसंग जोडेर हेरेर हामी कतै गल्ती त गरिरहेका छैनौं यसको बारे छलफल विचार विमर्श र बहस गर्नु पर्ने आवश्यकता त छैन् ? यो समाजलाई र यो समाजका मनुष्यहरु स्वस्थ, समृद्ध, खुशी र सुखी रहन आँखिर अत्यन्त जरुरी के छ त ? मनुष्य संतुष्ट त भ्रष्टाचार गरेर पनि संतुष्ट छ,बलात्कार गरेर पनि संतुष्ट छ,हत्या गरेर पनि संतुष्ट छ, तस्करी गरेर पनि संतुष्ट छ, ठगेर लुटेर पनि संतुष्ट छ । कुनै मनुष्य सकारात्मक कार्य गर्दा संतुष्ट छ भने कुनै मनुष्य नकारात्मक काम गरेर संतुष्ट छ । त्यसैले मनुष्य स्वस्थ, समृद्ध, खुशी र सुखी रहन संतुष्टी, खानपान, रहनसहन भनाइमा मात्र व्यवहारिक देखिन्छ आँखिरमा उ स्वस्थ, सुखी, खुशी र समृद्धिको संजीवनी धन सम्पत्ति बंगला गाडी उच्च शिक्षा, उच्च पद आदिलाई मानेर राम्रोसँग खाइनपाइ आजीवन त्यसकै पछि दौडेको दौडै छ तर अथाह धन सम्पत्ति सुनका गाडी र सुनकै छाना भएका महलमा बस्ने धनाड्यहरु के सुखी,स्वस्थ र संतुष्ट छन् त ? बुद्ध आँखिर राजपाठ त्यागेर रुख मुनि बस्न किन गए ? योगी नरहरिनाथ, स्वामी प्रपन्नाचार्य कहिलै सम्पत्तिको पछि दौडेनन् के तिनीहरु यो समाजबाट तृष्कृत या अपमानित भए । सन् १९८४ मा इण्डिया टुडे भन्ने पत्रिकाले गरेको एउटा सर्वेको रिपोर्ट प्रकाशित गरेको थियो जसमा अर्वपतिका बच्चाहरु घरबाट भागेर सडकमा भिखारीहरुसँग भिख मागेर बसेको र लाखौं लाखका पलङ् र डनलबका आरामदायी बेडमा सुत्नुभन्दा एउटा पाना अखबारको ओच्छ्याएर एउटा पाना ओढेर रेलबेका र सडकका पुल मुनि सुत्न पाउँदा अत्यन्त खुशी र संतुष्ट भएको, अत्यन्त आनन्द आएको र आफ्ना ती महलहरु कारागारभन्दा पनि बद्तर भएको, स्याहारसुसार गर्नेहरु सैतान जस्ता र आमाबाबुलाई आफुभन्दा धन पियारो भएको र जन्मेदेखि अरुले नै पालेको आमाबाबु घर आउँदा आफू सुति सकेको हुने, बिहान आफू नउठ्दै आमाबाबू सम्पत्ति कमाउन हिडी सकेको हुने, उनले हामीलाई पैदा त गरे तर उनका छोराछोरी त सम्पत्ति हो भन्दै घर फर्किन पट्कै नमानेको रिपोर्टमा उल्लेख गरेको तथ्य हामीले पढ्यौं तर भोलिपल्ट नै त्यो बिर्सी हाल्यौं ? बुद्ध देखि ती बच्चाहरुको साइक्लोजी माथी कुनै विश्लेषक, शोधकर्ता, मानव अधिकारवादी, लेखक कसैले चासो कहिलै राखेन, कहिलै त्यसको कारण खोज्ने कुनै संयुक्त राष्ट्रसंधले पहल गरेन ? सबका सब केवल रोग खोज्दै, भोक खोज्दै, गरिबी खोज्दै, चन्द्रमा र मंगलग्रहमा कसरी पुग्ने, न्युयोर्कबाट टोकियोसम्म मार गर्न सक्ने क्षेप्यास्त्र कसरी बनाउने, मनुष्य मनुष्यमा द्वन्द्व गराउने उच्च र नीच जातहरु कसरी बनाउने, अडोसी पडोसी कमजोर राष्ट्रहरुका सिमाना कसरी खुम्च्याउने, उपचारको नाममा मान्छेको शरीर केमिकलको भण्डार कसरी बनाउने यस्तै यस्तै आधुनिक बैज्ञानिक विकासका मुला फुटाउने कामको जालोमा अल्झिएर आधुनिक मानव वातावरणमा बीस फैलाएर, सामाजिक संरचना भत्काएर आर्टिफिसियल इन्टेलिजेन्सको गुगलिए दुलो भित्र छिरी गोला बारुद, कृषिमा बिषाधी मिसाउदै, मनुष्यको शरीर स्वस्थ राख्ने निहुमा बिषाधी सेवन गराउदै, जात जातीलाई पहिचानको हतियार थमाएर काटमार गर्न लगाउँदै विश्वका राष्ट्रको, जातिको, मानव स्वास्थ्यको विकास, समृद्धि, स्वस्थ र खुशहाल भविष्य निर्माणमा लागि परेको भनेर थाक्दैन ?

अब साँच्चै मनुष्य विचार भएको, बुद्धि भएको,विवेक भएको, विवेकशील प्राणी हो भने यो सम्पूर्ण ब्रह्माण्ड र त्यसमा जीवन यापन गर्ने वातावरण र उपाएको खोजी गर्न जरुरी छ ? र त्यो उपाएको हल या उत्तर भनेको केवल एउटा मात्रै शक्ति छ त्यो हो उर्जा ? यो सम्पूर्ण ब्रह्माण्ड जिवित र चलायमान केवल त्यही उर्जा शक्ति कै कारण छ,जतिपनि बम गोलाबारुद सबै उर्जाबाट नै चल्छन्, जतिपनि यातायातका साधन छन् ती सबै उर्जा शक्तिले नै चल्छन् , जति पनि परिवार संधसंस्था, सरकार सबै उर्जा शक्तिले नै गतिशील छन्, जतिपनि प्राणीहरु मनुष्य लयायत स्वस्थ छन् ती उर्जा शक्ति कै कारण छन् ? यसरी हामीले उर्जा शक्तिबारे अलिकति सोच विचार गरे मात्रै पुग्छ धेरै खोज तलाश र माथापच्ची गर्नु पर्दैन ? वास्तवमा औषधीले सन्चो पार्ने भए ५% वाहेक ९५% औषधी गर्दागर्दै किन मर्छन, झारफुक, धामीझाँक्री, ज्योतिषी लगायत जतिपनि उपचार विधिबारे १०० % ग्यारेन्टी दिएर विज्ञान गरेका हुन्छन् खोई त तिनीहरुले सबै रोगीहरु सन्चो पारेको ? यो केही पनि हौइन जसको उर्जा शक्ति संतुलित छ उसलाई कुनै रोग या लागुभागुले मार्नै सक्दैन जसको उर्जा शक्ति मरिसकेको छ उसलाई स्वयं यमराजले पनि बचाउन सक्दैन । साँच्चै समाजलाई स्वस्थ र निरोगी बनाउन चाहने हो भने यो उर्जा शक्ति बारे अध्ययन,छलफल र बहस गर्न जरुरी देखिन्छ अन्यथा बिज्ञानले जतिसुकै तरक्की गरे पनि केमिकल ड्रग्स सेवन गराए र स्वस्थ राख्ने मान्यतामा परिवर्तन नगरेसम्म कुरा र खाली बहसको कुनै अर्थ छैन । जबसम्म आधुनिक समाजले उर्जा शक्तिको वास्तविकता स्वीकार गरेर त्यसको संतुलन र असंतुलनले नै स्वास्थ लगायत अन्य सम्पूर्ण क्षेत्रमा सकारात्मक र नकारात्मक प्रभाव पार्ने कुरा स्वीकार नगरि प्रकृतिलाई, समाजलाई तथा भाग्यलाई दोष दिन छाड्दैन तबसम्म समाजमा विकृति र प्राणीहरु अंझ खासगरी सर्वश्रेष्ठ प्राणी मनुष्य चाँही रोगको जालोबाट कहिलै मुक्त हुन सक्ने छैन् र यो रोग तथा विकृति, विसंगतिको घेरामा ब्रह्माण्ड रोग र मनुष्यको यात्रा सुचारु रुपमा ब्रह्माण्डको अन्त नहुँदासम्म लगातार जारी रहने छ ।

# कसरी गरिन्छ ब्रेन ट्युमरको उपचार ?

कहिलेकाहीं टाउको दुख्नु सामान्य हो । बारम्बार टाउको दुखिरहेमा भने ब्रेन ट्युमरको लक्षण पनि हुन सक्छ । मस्तिष्कमा अनावश्यक मासु पलाउने रोग ब्रेन ट्युमर हो । टाउको दुख्नेजस्ता लक्षणलाई सामान्य मानेर समयमा उपचार नगराउँदा लाखौंले ज्यान समेत गुमाउन बाध्य भइरहेका छन् ।

यो गम्भीर रोगप्रति जागरुक गर्ने उद्देश्यले विश्वभर ८ जुनमा विश्व ब्रेन ट्युमर दिवस मनाइने गरिएको छ ।

ब्रेन ट्युमर कस्तो रोग ?

मस्तिष्कमा अनावश्यक मासुको डल्लो पलाउनुलाई ब्रेन ट्युमर भनिन्छ । यो मस्तिष्कमा लाग्ने रोग भएकाले पनि यसलाई आवश्यकताभन्दा भयावह रोगका रुपमा लिइएको हो । दिमाग आफैंमा अति संवेदनशील छ । दिमागमा सानोभन्दा सानो १० एमएल जति मात्रै पनि मासु पलाएमा शरीरको अवस्था नै परिवर्तन गर्न सक्छ । जसकारण शरीरको अन्य भागमा पलाएको ट्युमरभन्दा मस्तिष्कमा पलाएको ट्युमर अति संवेदनशील मानिन्छ ।

तर ट्युमर हुने बित्तिकै नराम्रो असर गर्छ भन्ने हुँदैन । ट्युमर धेरै प्रकारका हुन्छन् । दिमागको कुन भागमा ट्युमर पलाएको हो, त्यसले कतिसम्म असर पार्न सक्छ भन्ने कुरा निर्क्योल गरिन्छ । समयमा उपचार पाएका ९० प्रतिशत बिरामी सामान्य जीवनमा फर्किन सक्छन् ।

ब्रेन ट्युमर हुनुको मुख्य कारण आनुवंशिक दोष हो । जीनमा जन्मजात नै कुनै किसिमको खराबी देखिएमा टाउकोमा अस्वभाविक रुपमा कोष वृद्धि हुँदै ट्युमरमा परिणत हुन्छ । पारिवारिक पृष्ठभूमिमा पहिला बाबुआमा वा तीन पुस्तामा ट्युमर भएमा पनि यो समस्या सन्तानमा देखिन सक्छ । पछिल्ला अध्ययनले भने केही मात्रामा रेडियसन एक्सपोजरमा काम गर्ने व्यक्तिमा पनि ब्रेन ट्युमर हुने सम्भावना देखाएको छ । त्यति मात्र नभई बाल्यकालमा कुनै किसिमको ट्युमरको उपचारको क्रममा सेकाउने गरेकोमा त्यसबाट निस्किने विकिरणले पछि गएर ट्युमर देखिन सक्छ ।


त्यसबाहेक कुनै दुर्घटनामा परी टाउकोमा चोटपटक लागेर निको भएपछि पनि केही वर्षमा ट्युमर पलाउने सम्भावना हुन्छ । ब्रेन ट्युमर जुनसुकै उमेरमा पनि देखिन सक्छ । गर्भमा रहेको शिशुदेखि वृद्ध उमेरको व्यक्तिसम्मलाई यो देखिन सक्छ ।

ब्रेन ट्युमर विभिन्न प्रकारका हुन्छन् । मस्तिष्कबाट सुरु हुनेलाई प्राइमरी ब्रेन ट्युमर वा हाइग्रेड ट्युमर भनिन्छ । हाइग्रेड ट्युमर वंशाणुगत कारणले देखिन सक्छ । जुन बाल्यावस्थादेखि नै देखिन्छ ।

यदि यो शरीरको अर्को भागबाट सुरु भएर मस्तिष्कमा पुग्छ भने त्यसलाई सेकेण्डरी वा मेटास्टेटिक ब्रेन ट्युमर भनिन्छ । ट्युमर दिमागको झिल्ली, क्रेनियल नसा वा पिट्युटरी ग्रन्थि जहाँ पनि आउन सक्छ ।

दिमागको स-साना भागमा आउने ट्युमरले त्यसले गर्ने कार्यमा अवरोध गराउन सक्छ । सोही अनुसारको लक्षण शरीरले देखाउँछ । ट्युमर भएमा सामान्य र जटिल खालका लक्षण देखिन्छन् ।

लगातार टाउको दुख्नु, खानामा अरुचि, बान्ता हुने, रिंगटा लाग्ने, हिंड्दा



सन्तुलन बिग्रिनु, सुन्नमा कठिनाइ, कोषिकाहरु प्रभावित भई कमजोरी महसुस हुनु सामान्य र सुरुवाती लक्षण हुन् ।

ट्युमर मस्तिष्कको जुनसुकै भागमा हुन सक्छ । ट्युमर भएको भागको कार्यमा नै अवरोध हुन सक्छ । जस्तै, दिमागको अगाडिको भाग (फ्रन्टल लोप)मा ट्युमर भएमा आफूले के बोलिरहेको छु भन्नेसमेत थाहा नपाउने समस्या हुन्छ । उसको दिमागले बौद्धिक रुपमा काम गर्न सक्दैन । आफ्नो व्यवहारलाई नियन्त्रण गर्न सक्दैन र उसमा चिडचिडापन तथा उदासी आउने गर्छ ।

त्यस्तै, टेम्परल लोब भएकामा छारेरोगको लक्षण देखिन्छ । ट्यापोरल लोबमा प्रवेश गर्छन्, तब व्यक्तिलाई बोल्नमा समस्या हुन्छ । यही कारण व्यक्तिको आवाज हराउनुका साथै उनीहरुको मुख समेत बांगिने गर्छ ।

पाराइटल लोबमा ट्युमर छ भने अर्कोपट्टि भागको शरीर पारालाइसिस हुन्छ । यस्तोमा शरीरका आधा भागको अंग निस्कृय हुन थालेको महसुस हुन्छ । यो प्यारालाइसिस हुनुपूर्वको अवस्था हो ।

त्यस्तै, अक्सिपटल लोप भएमा आँखामा समस्या देखिन्छ । दिमागको तल्लो भागमा ट्युमर भएमा व्यक्ति हिंड्न सक्दैन । व्यक्तिको चाल सन्तुलनमा हुँदैन । समग्रमा देखिने लक्षण निम्न प्रकारका छन् । पिट्युटरी ग्रन्थिमा ट्युमर भएमा व्यक्ति बामपुड्के हुने सम्भावना हुन्छ । यस्तै महिलामा सन्तान नहुने र महिनावारी नियमित नहुने समस्या देखिन सक्छ ।

ट्युमरको लक्षणअनुसारको परीक्षण गरिन्छ । ट्युमर छ कि छैन यसको पुष्टि एमआरआई, सीटीस्क्यान र एक्सरेबाट पत्ता लगाइन्छ । ट्युमर दोस्रो चरणसम्म पुगेका व्यक्ति उपचारपछि निको हुन थाल्छन् । तर तेस्रो र चौथो चरणमा पुगिसकेमा केही समयसम्म मात्र बचाउन सकिन्छ ।

यसको उपचार कुन ठाउँमा कस्तो आकारको छ त्यसअनुसारको हुन्छ । सुरुको अवस्था छ र दिमागको जटिल ठाउँमा भए केही समय पर्खिएर हेरिन्छ । कुनै ट्युमर ६ महिनामा नै ह्वात्तै बढ्ने र केही ट्युमर ढिला वृद्धि हुने पनि हुन्छन् । त्यसको अवस्था र आकार हेरेर सुरुको अवस्थामा भए शल्यक्रियामार्फत निकाल्न सकिन्छ । केही ट्युमर भने शल्यक्रिया नगरी पनि उपचार सम्भव हुन्छ । त्यसबाहेक चरणमा किमोथेरापी, रेडिएसन थेरापीबाट उपचार गर्न सकिन्छ ।

स्वस्थ वातावरणमा बस्ने, विभिन्न प्रकारका रेडियसन, विकिरणबाट जोगिने, मद्यपान, धुम्रपान नगर्नाले केही हदसम्म ब्रेन ट्युमरजस्ता रोगबाट बच्न सकिन्छ । यी कुनै पनि लक्षण देखिएमा वा शंका लागेमा तुरुन्त नसारोग विशेषज्ञकहाँ परीक्षण गराउनुपर्छ ।

ब्रेन ट्युमर समयमै पत्ता लागेमा ९० प्रतिशत ठीक हुने सम्भावना हुन्छ । समयमै उपचार पाएका व्यक्तिले पुनः सामान्य जीवन बिताउन सक्छन् । तर नेपालीमा कुनै किसिमको रोग लागेमा सहने बानी छ । अवस्था जटिल बनिसकेपछि मात्र अस्पताल पुग्दा ढिलो पत्ता लाग्छ र अन्तिम चरणमा ज्यान जोगाउन मुश्किल हुन सक्छ ।

व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाई प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गरौं ।

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर

## सम्पादकीय

# भारतसँगको सम्बन्धमा सधै स्वार्थको राजनीति

काठमाडौं । देशको स्वार्थभन्दा नेताहरु आफ्नै स्वार्थमा बढी केन्द्रित हुन्छन् भन्ने प्रचण्डको भारत भ्रमण अघि र पछिका घटनाले पुष्टि गरेको छ । विगतमा आफू भारत जाँदा जुन सम्मान पाएका थिए केपी शर्मा ओलीले त्यही सम्मान प्रचण्डले पाए । तर, उनले त्यो बिर्सिएर आलोचना गरे । मोदीसँग निकै हारगुहार गरेर सम्झौताहरु गर्न खोजे तर सकेनन् । यसपटक प्रचण्डले कतिपय विषयमा ब्रेक थ्रु नै गरिदिए । जसका कारण ओली लज्जा छोप्न गालीमा उत्रिएका छन् । विद्युत व्यापारमा नयाँ सम्झौता भयो । भारतले १० वर्षमा १० हजार विद्युत खरिद गर्ने भएको छ । अर्कोतर्फ, बँगलादेशलाई विजुली बेच्न मिल्ने गरी वातावरण तयार भएको छ ।

**सीमा समस्या समाधान नगरी नेपाल भारत सम्बन्ध सहज नहुने स्पष्ट पार्दै संसदमा भारत भ्रमणका दौरान आफूले सीमा समस्या समाधानमा महत्वपूर्ण कुरा राखेको प्रचण्डको भनाई थियो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि सीमा समस्या समाधानका लागि गम्भीर भएको प्रचण्डको भनाई छ ।**

प्रचण्डले कूटनीतिक चार्तुयता देखाएर भारतलाई मनाएर सम्झौता गरेपछि नेकपा एमाले सिंगो पार्टी खनिएको छ । प्रचण्डको भारत भ्रमण फितलो भएको टिप्पणी गरेका छन् ओलीले । संसदमा जे जसरी बोले त्यसमा तथ्यभन्दा पूर्वाग्रह भरिएको थियो । प्रचण्डमाथि कम्फर्टेबल बनेको आरोप लगाए । विगतमा प्रचण्डले नै कम्फर्टेबल सरकारको भाष्य स्थापित गरेका थिए । ओलीले त्यहीं वाणी फर्काएर आलोचना गरे । भारतबाट १५ वटा राँगाबाहेक केही ल्याउन नसकेको टिप्पणी गरे । तर, उन्नत जातको राँगा ल्याउन सक्नु पनि सफलता नै हो कृषि क्षेत्रमा । ओलीले यो विषयलाई हल्का रुपमा बोले । कृषी क्षेत्रमाथि नै अपमान गरे उनले ।

भारतले मुरलमा राखेको अखण्ड भारतको विषयमा प्रचण्डले भ्रमणमा कुरा नउठाएको ओलीको आरोप थियो । भारतले आफूले लिनुपर्ने लिएको तर नेपालले मात्र १५ वटा राँगा पाएको टिप्पणी गरे । तर, मुरलमा राखेको चित्र सांस्कृतिक हो भनी भारतले बोलिसकेको छ । वास्तवमा भारतले संसद भनवमा राखेको मुरलको भारत भारतवर्ष हो । त्यो अहिलेको भारत देश बन्नुभन्दा पनि अघिको हो । भारत त १९४७ मा बेलायतबाट स्वतन्त्र भएपछि न बनेको हो । त्यसअघि भारतवर्ष अहिलेको नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, बँगलादेश, श्रीलंका, इन्डोनेशियासम्मलाई भनिन्थ्यो । इतिहासको कुनै कालखण्डको क्षेत्रलाई भारतले राख्दैमा आत्तिनुपर्दैन । यो मात्र दिग्भ्रमित पार्ने राजनीति सिवाय केही होइन । कसैले लुम्बिनी र कपिलवस्तु मेरो भूभाग हो भन्छ भने त्यो आफै लज्जित हुनेछ । विश्वले लुम्बिनी र कपिलवस्तु नेपालमा पर्छ भन्ने थाहापाइसकेको छ । यसमा फेरि दोहोराएर बोल्नुपर्ने आवश्यकता नै छैन ।

प्रचण्डमाथि सीमाका विषय उठाउन नसकेको आरोप पनि लाग्यो । प्रचण्डले सीमा समस्या समाधान नगरी नेपाल भारत सम्बन्ध सहज नहुने स्पष्ट पारे सोमवार संसदमा भारत भ्रमणका दौरान आफूले सीमा समस्या समाधानमा महत्वपूर्ण कुरा राखेको समेत बताए । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि सीमा समस्या समाधानका लागि गम्भीर पाएको प्रचण्डको भनाई छ । भारत भ्रमणका बेला मोदीले सीमा समस्या समाधान गर्नुपर्छ भनेर अभिव्यक्ति नै दिएको बताए ।

प्रचण्डलाई सीमाको मुद्दामा विवादमा ल्याउन निकै प्रयास भयो । भूमि सट्टापट्टा गर्न खोजेको आरोप पनि लगाए । बँगलादेश जाने बाटोसँग कालापानीलगायतको भूभाग साट्ने प्रस्ताव भारत सरकारलाई नराखेको बताए । उनले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको भूमि हो भन्ने स्थापित गर्नेमा प्रष्ट भएको बताए । प्रचण्डले भने, हामीले भनेका छौं कालापानी, लिपुलेक, लिम्पियाधुरा नेपालको भूमि हो, नेपालको भूमि हो भन्ने स्थापित गर्ने कुरामा म प्रष्ट छु । नेपालले कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको भूभाग समेटेर नयाँ नक्शा २०६७ मा जारी गरेको थियो । यी भूभाग भारतलाई दिएर नेपालले बँगलादेश जाने बाटो लिनुपर्ने तर्क बुद्धिजीवीहरुले गर्दै आएका छन् । यसतर्फ पनि नेतृत्वकर्ताहरुले ध्यान दिएर लाग्नुपर्ने अवस्था आइसकेको छ । समयमै सम्बन्धित निकाय र नेतृत्वकर्ताको ध्यान जाओस् ।

# हिन्दू र मुस्लिमलाई एकताबद्ध गर्ने पहिलो सन्त कबिर

रमा दुलाल

सन् १४४० जेष्ठ शुक्ल पूर्णिमा भारतको वाराणसीमा सन्त कबिर दासको जन्म भएको थियो । यो मे र जुनमा पर्छ । सन्त-कबिरदासको प्रारम्भिक वर्षका कथाको थोरै मात्र संस्करण पाइन्छन् ।

सन्त कबिरदासकी आमा एक ब्राह्मणी थिइन् । ब्राह्मणीलाई तपस्वीले भनेका थिए- चाँडै तिम्रो एक बच्चालाई जन्म दिनेछौ । तपस्वीले भने अनुसार उनले एक छोराको जन्म दिइन्, जसलाई उनले जन्मेलगत्तै झाडीमा फालिदिइन् । किनकि उनी अविवाहिता थिइन् । निमा गरेकी मुस्लिम महिलाले बच्चालाई धर्मपुत्रीका रूपमा ग्रहण गरिन्, उनी एक जुलाहाकी पत्नी थिइन् ।

अर्को कथा अनुसार, तान बुन्ने परिवार निरु र उनकी श्रीमती निमाले कबिरदासलाई लहरतारा तालमा भेटाएर हुर्काए । अर्को कथा छ- एक तपस्वीले कबिरको जन्म असामान्य हुनेछ भनेर वर्णन गरेका थिए । त्यसैले उनी आमाको हत्केलाबाट जन्मन पुगे । यसरी सन्त कबिरदासका बारेमा उपलब्ध जानकारीमा विभिन्नता देखिएका छन् ।

उनको नाम एक काजीद्वारा छनोट गरिएको थियो । उनले कुरानमा उपयुक्त नाम खोज्दा 'कबिर' फेला पऱ्यो, जसको अर्थ इस्लाम अनुसार 'महान्' हो र प्रायः यो नाम 'ईश्वर'को वर्णन गर्न प्रयोग गरिन्छ ।

जीवनी खोज्दै जाँदा केही संस्करणले सन्त कबिरलाई अविवाहित देखाएका छन् भने केहीले दुईपटक विवाह गरेको बताउँछन् । केहीले सन्त कबिरले लोईसँग विवाह गरेको मानिन्छ । पछि उनीहरूबाट कमल र कमली नामका दुई सन्तान भए । यी दुवै भनाइको कुनै प्रामाणिक स्रोत भेटिँदैन । हामीले उनको आध्यात्मिक ज्ञानको स्वाद मात्र लिन सक्छौँ, जुन उनले आफ्ना कविताद्वारा व्यक्त गरेका छन् ।

कबिरभित्र थुप्रै आध्यात्मिक जिज्ञासा थिए । उनी ती जिज्ञासाको तृप्ति चाहन्थे । मन्त्र जान्ने हो भने शिष्य बन्न सजिलो हुन्छ भन्ने उनको विचार थियो । उनले स्वामी रामानन्दको नाम सुनेका थिए । वाराणसीका घाटहरूमा जाँदा उनले स्वामी रामानन्दलाई भेटे र मन्त्र लिए- 'राम' । उनी स्वामी रामानन्दको मनपर्ने शिष्य थिए । उनले अन्य धेरै सन्त (जस्तै सुफी पीर र शेख तककी)बाट पनि अध्यात्मिक ज्ञान लिएका थिए । त्यसैले उनको दर्शनमा सुफीको प्रभाव पनि देखिन्छ ।

कबिर दास एक महान् साधु थिए, किनभने रीतिरिवाज र संस्कृतिमा उनको प्रभाव विश्वभर छ । उनीमा आध्यात्मिकता गहिरो थियो, 'राम'मा उनी दृढविश्वास गर्थे । समय र स्थानभन्दा पर र कुनै पनि गुणबिना निराकार एक परमात्मा छन् भन्ने उनको विश्वास थियो । उनका अनुसार ईश्वर ज्ञान हो र शब्द शब्दमा ईश्वर पाउन सकिन्छ । उनी वैष्णव भक्ति परम्पराबाट पनि प्रभावित थिए । वैष्णव भक्ति परम्पराले पूर्ण समर्पणलाई जोड दिन्छ ।

उनका सबै आस्था र विचार उनका कवितामा पाइन्छन् । उनका कविता उनका विचार र ज्ञानका दर्पण हुन् । उनको लेखमा हिन्दीमै लेखिएका छन्, तर त्यसमा भोजपुरी, खरी बोली, मारवाडी, फारसी, पन्जाबी र उर्दू आदिको मिश्रण पाइन्छ ।

सरल भाषा र गहिरो अर्थका कारण उनका कविता लोकप्रिय छन् । उनले 'दोहा' (जोडी) र लामो गीत पनि लेखेका छन् । उनका यी 'दोहा' संगीतसँग संयोजन गर्दा अझ लोकप्रिय भएको छ ।

उनका कविताले हिन्दू र इस्लाम दुवैलाई आकर्षित गर्छ, यद्यपि उनी दुवै धर्मका केही पक्षको आलोचना गर्थे । उनका लेख मुख्यतया पुनर्जन्म र कर्मको अवधारणामा आधारित छन् । लोकगीतका रूपका अतिरिक्त, सन्त कबिरका शब्द मुख्यतया दुई साहित्यिक विधामा देखिएका छन् :

-लयबद्ध दोहा (दोहा, सखी वा शलोक)
-गीत/कविता (शब्द, पद, वा भजन) ।

दोहा कविताको धेरै पुरानो 'पद-ढाँचा' हो । यो एक स्वतन्त्र पद हो । दोहा, जसको अर्थ आफैँमा पूर्ण छ । यसको उत्पत्तिको सन्दर्भमा हर्मन जेकोबीले भनेका छन्- दोहाको उत्पत्ति ग्रीक हेक्सामिटरमा पत्ता लगाउन सकिन्छ, यो एक लाइनमा दुई हेक्सामिटरको मिश्रण हो ।

त्यो समय वाराणसीका मानिसमा ब्राह्मण सनातनी र १५औं शताब्दीका अधिकारीको बाहुल्य थियो । उनी जातका आधारमा हुने जातीय विभेदमा विश्वास गर्दैनथे । यसैले उनले जातीय भेदभावका विरुद्ध आवाज उठाए, मूर्ति पूजाको पनि उनी आलोचक थिए । व्यक्ति व्यक्तिबीच कुनै भेद हुँदैन, तल्लो जात माथिल्लो जात हुँदैन भनी उनले प्रवचन दिन्थे । उनको प्रचारका लागि ब्राह्मणले खिल्ली उडाए । आममानिसले भने उनको राम्रो प्रशंसा गरे । आफ्ना दोहाद्वारा उनले मानिसका आँखा खोलिदिए र तिनीहरूलाई मानवता, नैतिकता र आध्यात्मिकताको सही अर्थ सिकाए ।

धार्मिक भावनाले सन्त कबिरलाई प्रभाव पारेको थियो, जसलाई उनले सुफीवाद र इस्लाममा विलय गराए । हिन्दू र मुस्लिम दुवैले अनुसरण गर्न सक्ने विश्वव्यापी मार्ग स्थापना गरेर दुवैलाई एकताबद्ध गर्ने उनी पहिलो सन्त हुन् । प्रत्येक जीवन दुई आध्यात्मिक सत्य (जीवात्मा र परमात्मा) बाट प्रभावित हुन्छ भन्ने कुरामा उनी सबैभन्दा बढी विश्वास गर्थे । मोक्षका बारेमा उनको बुझाइ थियो कि मोक्ष यी दुई स्वर्गीय सत्य (जीवात्मा र परमात्मा) लाई मिलाउने प्रक्रिया हो । जीवनका विशेषताले सन्त कबिरलाई असाधारण मानव बनायो ।

उनी मुक्तिका लागि औपचारिक र कठोर दृष्टिकोणका विपरीत थिए । उनका अनुसार सभ्य हृदयले संसारको सबै भाग्यलाई समेट्छ । दया भएको व्यक्तिसँग शक्ति हुन्छ, क्षमाशील व्यक्तिसँग वास्तविक अस्तित्व हुन्छ र सद्गुण भएको व्यक्तिले सजिलै अनन्त जीवन प्राप्त गर्न सक्छ । भगवान सबैको हृदयमा छन् भन्ने उनको विश्वास थियो । उनी भन्थे- 'यात्रुले हिँड्न नमान्ने हो भने बाटोले साथ दिन सक्दैन ।'

एक प्रसिद्ध रहस्यवादी कवि सन्त कबिरदासले आफ्ना दार्शनिक विचार मानिसको जीवन सुधार्न प्रयोग गरे । उनको शिक्षाबाट अनुयायीहरू प्रेरित हुँदै आए । उनीबाट प्रतिपादित ईश्वर र कर्मसँगको एकताको सिद्धान्तले मानिसको मनोवृत्तिलाई प्रभाव पारेको छ । भगवानप्रतिको उनको प्रेम र भक्तिले हिन्दु भक्ति र मुस्लिम सुफी विश्वासको सम्झना दिलाउँछ । उनलाई सुफी र ब्राह्मण सन्त दुवै मानिन्छ । उनको प्रारम्भिक जीवन मुस्लिमको रूपमा सुरु भएकोमा थोरै शंका छ, तर पछि उनी हिन्दू तपस्वी रामानन्दबाट धेरै प्रभावित भए । जीवनका बारेमा सन्त कबिरको दर्शन एकदमै प्रस्ट थियो । सरल ढंगले जीवन बाँच्नुपर्छ भन्ने उनको विश्वास थियो ।

कबिरबाट गुरु नानक समेत प्रभावित थिए । गुरु नानकले पनि कविताका रूपमा आफ्नो विचार व्यक्त गरे, जुन शिक्षाको प्रचार गर्ने प्रभावकारी माध्यम थियो । कबिर र गुरु नानकलाई थाहा थियो कि मानिसको हृदय कविता र संगीतसँग जोडिएको हुन्छ ।

विक्रम संवत् १५७५ मा हिन्दू क्यालेन्डर अनुसार सन् १५१८ जनवरी (माघ शुक्ल एकादशी)मा मगरमा उनले संसार छाडे । उनले आफ्नो मृत्युस्थल मगर रोजेका थिए भन्ने किम्बदन्ती छ । यो अनुमान गरिएको छ कि उनले मानिसको सम्झनाबाट परी कथा ( किम्बदन्ती) मेटाउन मर्नका लागि यो स्थान रोजेका हुन् । त्यसबेला मगर क्षेत्रमा अन्तिम सास लिने मानिस कहिल्यै स्वर्गमा प्रवेश गर्दैन र अर्को जन्ममा गधा बनेर जन्मिने जनविश्वास थियो ।

मानिसले उनलाई यति धेरै विश्वास गरे कि उनको मृत्युपछि हिन्दू र मुस्लिमबीच झगडा भयो । हिन्दू उनको दाहसंस्कार गर्न चाहन्थे भने मुस्लिम गाड्न ।

हरेक व्यक्ति चाहे ऊ शिक्षित होस् या अशिक्षित, सन्त कबिरले भनेको बाटोबाट हिँड्यौं भने हामीभित्रको परमात्मालाई प्राप्त गर्न सकिन्छ ।

जब मैं था तब हरि नहीं, अब हरि हैं मैं नहीं ।

सब अँधियारा मिटि गया, जब दीपक देख्या माँहि ॥

सन्त कबिरलाई शान्तिमय जीवन प्रिय थियो । सरलता, साधु स्वभाव तथा सन्त प्रवृत्तिका कारण उनको आज पनि समादर भइरहेको छ । उनी केवल मानव धर्ममा मात्र विश्वास राख्थे । अतः आजको दिन उनीप्रति अहोभावले समर्पित भई उनीजस्तै सरल, साधु स्वभाव र सन्त प्रवृत्तिको कामनासँगै अभ्यास पनि गरौं ! अनि मात्र कबिर जयन्ती मनाएको सार्थकता हुनेछ !

# यो गर्मी कहिलेसम्म ?



काठमाडौं । तराईका जिल्लामा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएको छ । पूर्व, मध्य र पश्चिम तराईका जिल्लामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस पुगेको छ । तातो हावा र लु लाग्न थालेपछि तराई मधेशका जिल्लाहरुमा विद्यालय बन्द गरिएको छ ।

जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका मौसमविद गोविन्द झाका अनुसार बाँकेको नेपालगञ्ज, रुपन्देहीको भैरहवा, चितवनको रामपुर, बाराको सिमरा र मोरङको विराटनगर लगायतका स्थानमा अधिकतम तापक्रम झण्डै चालिसको हाराहारीमा रहेको छ ।

सबैभन्दा बढी गर्मी चितवनको रामपुरमा महसुस भएको थियो । रामपुरमा सबैभन्दा बढी अधिकतम तापक्रम ४२ डिग्री सेल्सियस मापन गरिएको थियो ।

कैलालीको टीकापुर, बाँकेको नेपालगञ्ज, सप्तरीको राजविराज र मोरङको विराटनगरमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस मापन भएको छ । काठमाडौंमा भने तीन-चार दिनदेखि अधिकतम तापक्रम ३२ डिग्री सेल्सियसकै हाराहारीमा छ ।

मौसमविद गोविन्द झाका अनुसार तीन दिनअघि नवलपरासीको दुम्कौलीमा अधिकतम तापक्रम ४३ डिग्री सेल्सियस मापन भएको थियो । यो नै यस वर्षको सबैभन्दा बढी गर्मीको रेकर्ड हो ।

मौसमविदले तराईका जिल्लाहरुमा गर्मीको अवस्था अझै केही दिन कायम रहने पूर्वानुमान गरेका छन् ।

मौसमविद झाका अनुसार तराई-मधेशका जिल्लाहरुमा तत्कालै गर्मी कम हुने सम्भावना देखिएको छैन । 'पानी पार्ने खालको प्रणाली नभएकाले अझै केही दिन गर्मी घट्ने सम्भावना कमै छ,' उनले भने, 'केही दिन ४०-४२ कै हाराहारीमा तापक्रम हुने सम्भावना छ ।' पहाडी भागतिर बेला-बेला बदली भएर बेला-बेला चिसो हावा चल्ने गरेकाले गर्मी अझै बढ्नलाई केही हदसम्म रोकिरहेको उनको अनुमान छ ।

तराई-मधेशका जिल्लामा तत्काल पानी पार्ने नयाँ प्रणाली विकसित पनि भएको छैन । उनका अनुसार सुदूरपश्चिमको तराई भेगमा भने न्युनचापीय प्रणाली र स्थानीय वायुको हल्का प्रभाव छ ।

तर सुदूरपश्चिम, कर्णाली, गण्डकी र कोशीका पहाडी भागका थोरै स्थानहरुमा पानी पर्ने सम्भावना छ । 'तर तराई-मधेशका जिल्लातिर त बदली पनि लाग्दैन,' मौसमविद झाले भने, 'खुला आकाश छ, जमिन तातिरहेको छ । त्यसैले अत्यधिक गर्मी भइरहेको छ ।'

नेपालको भौगोलिक अवस्था अनुसार मे र जुन महिना बढी गर्मी हुने महिनाहरु हुन् । यी महिनामा पानी परेन अथवा बादल लागेन भने गर्मी अत्यधिक महसुस हुन्छ । गर्मी बढी हुँदा जमिन तात्छ । पानीका स्रोत धेरै भएका स्थानबाट बाफ उडेर बादल बन्ने र स्थानीयस्तरमा पानी पार्ने प्रणाली विकसित भएर वर्षा हुने, बादल लाग्ने हुन्छ । यस्तो वर्षा केही स्थानमा मात्र हुन्छ । अहिले केही दिनयता पानी नपरेकाले प्रि मनसुन अवधि नै सुक्खा छ । त्यसैले गर्मी बढिरहेको छ ।

वरिष्ठ मौसमविद इन्दिरा कँडेलका अनुसार पानी नपरेमा यस्तो गर्मी यथावत रहने वा योभन्दा पनि बढ्नसक्ने सम्भावना रहन्छ । जंगलमा डढेलो लागेकाले र प्रदूषण बढेकाले गर्मी बढ्न सहयोग पुगेको मौसमविद बताउँछन् ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनुसन १८ जेठदेखि १३ असोजसम्म रहने प्रक्षेपण सार्वजनिक गरेको थियो । २४ जेठ भइसक्दा पनि मनसुनी गतिविधि देखिएको छैन । विभागका मौसमविदहरुका अनुसार अझै एक हप्ता मनसुन भित्रिने सम्भावना छैन ।

मनसुनी रेखा अहिले श्रीलंकाको आकाशमाथि देखिएको छ । यो भारतको तल्लो भेग हुँदै नेपाल भित्रिन्छ । नेपालको पूर्वी भागबाट मनुसन भित्रिएर पश्चिमतिर फैलिन्छ ।

नेपालमा तत्काल मनसुन ढिला भित्रिने सम्भावना नरहेको जल तथा मौसम विज्ञान विभागकी सूचना अधिकारी विभूति पोखरेल बताउँछिन् । यो वर्षको मनसुनमा सरदरभन्दा कम पानी पर्ने र सरदरभन्दा बढी गर्मी हुने प्रक्षेपण यसअघि नै विभागले गरेको थियो ।

अघिल्ला तीन मनसुनमा लानिनाको प्रभाव भए पनि यसपटक एलनिनो हुने देखिएको छर । यसले सामुद्रिक तापक्रम औसतभन्दा बढी भएर त्यसको असर वायुमण्डलमा पर्ने र कम वर्षा हुने मौसमविद बताउँछन् ।

# मेडिसिटी अस्पतालमा कर्मचारीद्वारा दुई करोडभन्दा बढी ठगी



ललितपुर । नेपाल मेडिसिटी अस्पताल नख्खु ललितपुरमा बिलिङ सेक्सनमा काम गर्ने केही कर्मचारीहरूले अस्पतालमा प्रयोग हुँदैं आएको शुक्र नामको एचएमआईएस सफ्टवेयरको दुरुपयोग गरेको पाइएको छ ।

सो सफट्टवेयरको दुरीपयोग गरी बिरामीहरूबाट वेड चार्ज, डाक्टर चार्ज र नर्सिङ चार्जसमेतको वास्तविक शुल्क लिई निजहरुबाट लिएको शुल्क भन्दा कम शुल्क सफ्टवेयरमा इन्ट्री गरी दुई करोड त्रिसट्ठी लाख पच्पन्न हजार एक रुपैयाँ ठगी गरेको पाइएको ललितपुर प्रहरीले जनाएको छ ।

यसरी सफ्टवयरमै इन्ट्रीगरी सेटिङ मिलाएर अस्पताललाई घाटा पुऱ्याएको भन्ने नेपाल मेडिसिटी अस्पतालको प्रहरीमा उजुरी पर्न आएकोले प्रहरीको अनुसन्धानको क्रममा उक्त घटनामा संलग्न जिल्ला दोलखा भिमेश्वर न.पा.वडा नं.४ घर भई भक्तपुर ठिमी वस्ने विगतमा सोही अस्पतालमा एक्जुकेटिभ आईपी बिलिङको रुपमा कार्यरत राघव सापकोटा, ललितपुर जिल्ला गोदावरी न.पा.वडा नं. ११ चापागाउँ वस्ने सनम देशार र काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.४ वालुवाटार वस्ने आशिष अर्याल समेत ती जनालाई पक्राउ गरी अपराधिक लाभ तथा अपराधिक विश्वासघात सम्वन्धी कसुर मुद्दामा सम्मानीत ललितपुर जिल्ला अदालतबाट ५ (पाँच) दिन को म्यादथप अनुमति लिई प्रहरीले अनुसन्धान कार्य थालिरहेको जानकारी गराएको छ ।

# नेपालका राष्ट्रपति विवादित


काठमाडौं । नेपालमा हालसम्म ३ जना राष्ट्रपति निर्वाचित भएका छन् । मुलुकमा ०६२-६३ को जनआन्दोलनको उपलब्धिका रुपमा नयाँ शासन व्यवस्थाको प्रारम्भ भएसँगै नेपालले पहिलोपटक २०६५ साउन ८ गते राष्ट्रपति पाएको थियो ।

सो निर्वाचनबाट पहिलो राष्ट्रपतिको रुपमा रामवरण यादव निर्वाचित भएका थिए । त्यस्तै दोस्रो राष्ट्रपतिको रुपमा २०७२ कात्तिक ११ गते विद्या देवि भण्डारी निर्वाचित भइन् । पहिलो कार्यकाल सफलता पूर्वक सम्पन्न गरी ०७४ साल फागुन २९ गते दोस्रो कार्यकालका लागि नेपालको राष्ट्रपति पदमा निर्वाचित भएकी थिइन् ।


त्यसैगरी २०७९ फागुन २७ गते तेस्रो राष्ट्रपतिको रुपमा रामचन्द्र पौडेल निर्वाचित भएका छन् । देशकै अभिभावकको रुपमा रहेको राष्ट्रपति पद र पदमा निर्वाचित बारम्बार विवाद र ओलोचित हुन पुगेको छ । जनताको भावना अनुसार काम गर्न नसक्दा राष्ट्रपति जस्तो गरिमामय पद विवादमा पुग्ने गरेको देखिन्छ ।

प्रथम राष्ट्रपति यादव र द्वितीय विद्यादेवी भण्डारी पनि आ-आफ्नो कार्यकालमा कतिपय कदमका कारण आलोचित हुन पुगेका थिए । तत्कालीन प्रधानसेनापति रुकमांगद कटवाललाई अवकाश दिने प्रचण्ड नेतृत्वको तत्कालीन सरकारको निर्णय कार्यान्वयन हुन नदिएपछि राष्ट्रपति यादव विवादमा मुछिएका थिए ।

उनी खिलराज रेग्मी प्रकरण, मधेस मोह र पुत्र मोहलगायत विषयमा विवादीत भएका थिए । यादवले संविधानले कतै परिकल्पना नगरेको प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाउने दलहरुको सहमतिलाई राष्ट्रपतिले सहीछाप लगाए, जसलाई संवैधानिक कानूनका विज्ञहरुले उनको गलत कदममा रुपमा विश्लेषण गर्ने







गरेका छन् ।

त्यस्तै, राष्ट्रपति यादवले छोरा चन्द्रमोहन यादवलाई वीर अस्पतालको रेडियोलोजिस्टबाट राजीनामा गराई धनुषा ५ को उम्मेदवार बनाइ भोट मागेको तथा शक्तिको दुरुपयोग गरेको आरोप समेत लागेको थियो ।

त्यसैगरी, केपी शर्मा ओली नेतृत्वको सरकारको सिफारिस अनुसार प्रतिनिधिसभा विघटन गर्दा तत्कालीन राष्ट्रपति भण्डारीको धेरैले आलोचना गरे । शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्को सिफारिस अनुसार नागरिकता विधेयक प्रमाणीकरण नगर्दा पनि उनी विवादमा मुछिएकी थिइन् । उनले प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट दुई पटक पारित भएर गएको उक्त विधेयक प्रमाणिकरण नगरेपछि विवादमा तानिएकी हुन् ।

निर्वाचित भएको तीन महिना पनि नपुग्दै वर्तमान राष्ट्रपति पौडेल कम्तीमा तीनवटा विवादमा मुछिएका छन् । वैशाखमा बिरामी परेपछि थप उपचारका लाग राष्ट्रपति पौडेल चिकित्सक टोली र परिवारका सदस्यसहित एअर एम्बुलेन्समार्फत् भारतको दिल्लीतर्फ गएका थिए ।

आउजाउ गर्दाको भाडा, दैनिक भ्रमण भत्तासहित औषधोपचारमा लाग्ने लाखौँ रुपैयाँ राज्यकोषबाट खर्च हुने भनेर त्यसको व्यापक आलोचना भयो ।

आलोचना चर्किँरहँदा राष्ट्रपतिको स्वकीय सचिवालयले उपचार खर्च उनी आफैँले बेहोर्न चाहेको बेहोरासहित एउटा विज्ञप्ति समेत जारी गरेको थियो ।

राष्ट्रपतिको उक्त घोषणाको कैयौँले प्रशंसा पनि गरे तर त्यो प्रशंसा धेरै समय टिक्न सकेन । प्रक्रियागत त्रुटिका कारण राज्यकोषबाट उपचार खर्च पाउने सम्भावना न्यून देखिएपछि राष्ट्रपतिबाट त्यस्तो घोषणा आएका विवरण सार्वजनिक भए ।

राष्ट्रपति र उपराष्ट्रपतिको सेवा सुविधासम्बन्धी विद्यमान नियम अनुसार नेपालमा उपचार हुन नसकेको खण्डमा मेडिकल बोर्डको सिफारिसमा विदेशमा उपचार गराउँदा लाग्ने खर्च सरकारले बेहोर्ने व्यवस्था छ । तर राष्ट्रपति पौडेल उक्त बोर्डको सिफारिस नै नलिई उपचार गराउन दिल्ली गएका विवरण आएका थिए ।

त्यस्तै राष्ट्रपति पौडेलले गणतन्त्र दिवसका अवसरमा कैदिबन्दीलाई दिएको आममाफीका कारण पनि विवादमा तानिएका छन् । खासगरी उनले टिकापुर घटनाका दोषी रेशम चौधरीलाई दिएको आममाफीका मारण विवादमा आएका हुन् । जिल्ला अदालत र सर्वोच्च अदालतले दोषी ठहर गरी जन्मकैद सजाएको फैसला पाएका चौधरीलाई राष्ट्रपति पौडेलले आममाफी दिएका थिए ।

टीकापुर घटनामा दोषी ठहर भई जन्मकैद भोग्दै आएका चौधरीको कैद मिनाहाविरुद्ध मृतक एक प्रहरी अधिकारीकी पत्नीले सर्वोच्च अदालतमा रिट निवेदन पनि दायर गरेकी छन् । आममाफीको विद्यमान व्यवस्थालाई दुरुपयोग गरिएको भन्दै सरकार र राष्ट्रपतिको चर्को आलोचना भइरहेको छ ।

यस वर्षको गणतन्त्र दिवसका अवसरमा राष्ट्रपतिबाट कुल ५०१ जना कैदीले आममाफी पाए । त्यस्तै तत्कालिन राष्ट्रपति विद्या देवि भण्डारीले प्रमाणिकरण गर्न अस्विकार गर्दै लामो समय राष्ट्रपति कार्यालयमा थन्किएको नागरिकता विधेयक प्रमाणिकरण गरेपछि राष्ट्रपति पौडेल झनै विवादित भएका छन् । उनले मन्त्रीपरिषदको सिफरिसमा उक्त विधेयक प्रमाणिकरण गरेका थिए ।

अघिल्लो संसदबाट पारित भएर राष्ट्रपति कार्यालयमा थन्किएको नगरिकता विधेयक संसदमा पेस नगरी प्रमाणिकरण गरेको भन्दै विवाद सुरु भएको हो । राष्ट्रपति पौडेलको उक्त कदमविरुद्ध सर्वोच्च अदालतमा मुद्दा समेत दायर भएको र सर्वोच्चले प्रमाणिकरण गरिएको विधेयक तत्काल कार्यान्वयन नगर्न अल्पकालिन आदेश समेत दिएको छ ।

यसरी बारम्बार विवादित बनेको राष्ट्रपतिको बारेमा एकथरीले मन्त्रिपरिषद्को सिफारिसलाई राष्ट्रपतिले फिर्ता गर्नुपथ्र्यो भन्ने तर्क गरिरहेका छन् भने अर्कोथरीले संवैधानिक राष्ट्रपतिसँग सरकारको निर्णय अगाडि बढाउनुको विकल्प नरहेको बताउने गरेका छन् । राष्ट्रपतिका सल्लाहकारहरूले चाहिँ विद्यमान ऐन, कानुन अनुसार नै कैदीहरूलाई राष्ट्रपतिले माफी दिएको बताउँदै आएका छन् । एकथरीले सरकारकै कदमका कारण राष्ट्रपतिहरू विवादमा मुछिने गरेका समेत बताउँदै आएका छन् ।

# घट्दो गुड वील पनि चिन्ताको कारण हो

**बसन्त कुवर**

म देश भरी घुमी रहन्छु र पाँउछु नेपालीहरुमा क्रमस इज्जत दिने र अर्को माथि बिश्वास गर्ने बानी क्रमस तल तल खस्की रहेको छ जसले कालान्तरमा देश नै समाप्त पार्ने छ ।

यहाँ एक दलले अर्को दलकालाई सिधै काम नलाग्ने मान्दछन् । काँग्रेसका लागी कम्युनिष्ट मान्छे नै होइनन् सर्बहाराका नाममा ठगी खाने समुह र कम्युनिष्टका लागी काँग्रेस शोसक । रा.प्र.पा. राजाको नाम बेचेर अघाएका पार्टी भने रा.स्व.पा. फेसबुके पार्टी । त्यस भित्र लाग्ने नेता कार्यक्रता, जत्ती सुकै त्यागी इमान्दार वा राष्ट्रभक्त किन नहुन्, अर्कोका नजरमा बिदेसी एजेण्ट वा दलाल जसको कुनै इज्जत छैन ।

प्रधानमंन्त्री भएका मानिसहरुको पनि कुनै इज्जत छैन । कतै ढुगाँ हानेक छन्, कतै हुटिङ्ग गरेका छन्, कतै लखेटेका छन्, कतै दलाल भनेका छन्, हरेक हबाइ जहाज किन्नेदेखि कोभिडका औषधी किन्नेसम्म भ्रष्टाचारमा मुछी दिएका छन् । लौ त भनौ भने त्यो समुहमा कसैको इज्जत छैन । इज्जत पाउन राजा वा प्रधान मंन्त्रीले पनि मर्नै पर्ने देखियो ।

प्रधान न्सायाधीसदेखि संबैधानिक निकाएसम्ममा जाने पदाधीकारीहरुमा पार्टी वा नेताको झोले भै रकम बुझाएर त्यो पदमा पुगेको आरोप छ । त्यहाँ पनि धेरै काबिल मानिस पुगेका होलान् तर कोही मान्न तयारै छैनन् ।

प्रहरीलगायत सुरक्षा फौज र निजामतीतर्फ पनि त्यस्तै छ । आम जनतामा कसैको सम्मान छैन र कसैप्रति भर पनि छैन । नेपाली बजारमा केबल गाली, हुटिङ्ग, हिलो छ्यापी बदनाम गर्ने, गराउने , उडाउने तर्साउने, बिगार्ने काम मात्र भैरहेको छ ।

यस बिच हरेक पदहरु आफ्नो सम्मान खोजी रहेका छन् तर आफ्ना कर्मचारी, सेबाग्राही र कार्यकर्ताहरुको बाध्यात्मक आदर बाहेक तीनले खासै चाहे अनुरुप कुनै सम्मान पाउन सकिरहेका छैनन् । पद ठुलो छ तर अर्कोले भन्छ पैसाका कारणले वा फलानोको निगाहले पायो । पद ठुलो छ तर अर्कोले भन्छ झोले भएर पायो, काम राम्रै गर्न खोजेको हुन्छ अर्कोले भन्छ खुब कमायो ,। यहाँ स्थिति यो छ की जे गरे पनि जस पाइने स्थिति छैन अर्को तिर धेरथोर बदमासी बिना माथि जाने संभाबना पनि छैन ।


देश भनेनी, बिकाष भनेनी, रुपान्तरण भनेनी वा अग्रगामी छलाङ्ग भनेनी वा अरु केही शब्द भनेनी आँखिर त्यो मुलुकको रक्षा गर्ने वा त्यसलाई राम्रो बनाउने त मान्छेले नै हो । ती पदमा रहेका मानिसबाटै हो । ती कर्मचारी नेता सामाजिक कार्यकर्ता संबैधानीक निकाए वा किसान जो कोही हुन सक्दछन् जसको आ–आफ्नो स्थानमा बिशिष्ठ भुमिका हुन्छ । तर नेपालमा समस्या यो हुँदै छ कि यहाँ कोहीको कसैप्रति इज्जत नै छैन बरु नफरत गुणात्मक हिसाबले बडि रहेको छ र ती कुरा सडक फेसबुक सदन प्रेस र चौतारी गफ आदिमा प्रतिबिम्बित भइरहेको छ ।

यसैले पनि होला ठुला पद पाएकाहरु कोहि नसुहाउने गरी गच्किएर आफ्नो पदको गरीमा जोगाउन प्रयासरत छन् कोही बिरोध गर्नेलाई सिध्याउनै ब्यस्त छन् कोही आफुभन्दा पुरानाहरुलाई झुर साबित गरी आफु राम्रो कहलाउन भित्रभित्र षडयन्त्र गर्न ब्यस्त छन् । कोही बडाइ चढाइ कामहरुलाई मिडियामा पठाई आफ्नो औचित्य काएम राख्न प्रयासरत छन् तर पनि कसैको सम्मान बडी रहेको छैन । यसको कारण हो नेपाली समाज अहिले यति धेरै गुट, दल, सोच र बर्गमा बिभाजित छ की यहाँ हरेक हरेकप्रति आक्रोसीत हुने कारण रोपिएको छ । यस माहौलमा सम्मान फुल्नै सक्तैन । जुन पदमा पुगे पनि अपमान गाली र आरोप बिच काम गर्नैपर्ने बाध्यता छ ।

सुशासन र बिकाष त त्यसपछि आउला पहिला त्यो काम गर्ने नेता प्रशासक सुरक्षा कर्मी, संबैधानिक निकाए वा कर्मचारी ब्यापारी कृषक समाजसेबीहरुको जनता सामु गुडविल त हुनुपर्‍यो ? गुडविल नै भएन भने कोही कसैले कसरी महत्वपूर्ण काम गर्न सक्लान् ? पद धारकहरुको घट्दो गुडविल पनि नेपालको सुरक्षा तथा संवृद्धीको बाधक हुन गइरहेको छ । पद र योगदानहरुको कदर नभई देश बिकास हुन असंभब छ ।

## साप्ताहिक राशीफल

**भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल**



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)

कामना अनुकूल समय छैन, अलि तनाव, स्वास्थ्यमा पनि गडबड देखिन्छ । सामानहरु पनि हराउन सक्छ, अरुको भरमा कार्य थालनी नगर्दा राम्रो देखिन्छ , अन्त्य सातातिर चुनौति बढे पनि काममा सफलता लिन सकिन्छ, मनमा दुविधा पनि बढ्नेछ । सानो दुरीको यात्राको पनि अवसर जुट्नेछ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)

अरुको सहयोगले काम बन्ने छ, साहित्य, कला, योग व्यायाम क्षेत्रमा रुची बढ्नेछ, सरकारी क्षेत्रको काममा मान सम्मान पाइनेछ, सत्रु नाश हुनेछन्, ढाड, पेटको बिमार देखा पर्न सक्नेछ, सवारीमा भने सतर्कता अप्नाउनुपर्ने देखिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)

अधुरो कार्यहरु सफल हुनेछन्, विदेश यात्राको अवसर जुट्नेछ, धन लाभ हुनेछ, जमिन सम्बन्धी कार्यमा लाग्नाले फाइदा मिल्नेछ, अन्त्यमा फजुल खर्च बढ्नेछ, भोजभत्तेरतिर पनि सरिक हुनुपर्ने देखिन्छ ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)

सामाजिक, आर्थिक क्षेत्रमा मिश्रित लाभ मिल्नेछ, कामको अवसर जुट्नेछ, ार्मिक क्षेत्रको कार्यमा रुची बढ्नेछ, राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ, व्यवसायबाट आम्दानी मिल्नेछ, सवारी साधन जोड्न सकिने योग छ । भाग्यले धेरै अवसर जुटाउनेछन् ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)

अध्ययन, अध्यापनमा रुची बढ्नेछ, यात्राको अवसर जुट्नेछ, सांस्कृतिक कार्यमा सरीक हुन सकिनेछ, ठूला व्यक्तिसँगको भेटले मनमा आनन्द आउनेछ, सन्तान सुख हुने, साताको अन्त्यमा घरासी झमेलाले सताउन सक्ने देखिन्छ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)

बैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ, मनमा उमङ्ग छाउनेछ, कुनै सभामा सहभागी हुने देखिन्छ, अध्ययनको क्षेत्रमा सफलता हुनेछ, पार्टनरसीपको काममा मनग्य फाइदा मिल्नेछ, मुद्दा मामिलाको पनि सामना गर्नुपर्ने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)

पारिवारिक भेटघाटमा व्यस्त भइनेछ । रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ, इच्छा पूरा हुनेछ, विशिष्ठ व्यक्तिको सहयोग मिल्नेछ, श्रमको मूल्यांकन हुनु सक्नेछ, प्रेममा पनि सफलता हुनेछ, प्रतिस्पर्धी मान्छेहरुसँग पनि जीत हासिल हुने देखिन्छ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)

प्रियजनसँग रमाइलो भेटघाट हुनेछ, खर्च बढाउने, मेहनत गर्दा चिताएको काम बन्नेछ, अर्थ अभावले आँटेको काम रोकिन सक्नेछ, शुक्रबारदेखि खानपिनमा अलि सजग रहनुपर्ने देखिन्छ । अन्त्यमा भाग्यले साथ दिनेछ र लक्ष्य प्राप्ति हुनेछ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)

कर्मयोगबाट फाइदा हुनेछ, मेहनतले अवसर हात पार्न सकिन्नेछ, जोश बढ्नेछ, मनोरञ्जन तथा पारिवारिक जमघट हुनेछ, शुक्रबारदेखि खर्च बढ्नेछ, समयमा काम गर्न नसक्दा अवसर गुम्न सक्नेछ भने अन्त्यमा फाइदा हुने योग छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)

आफ्नो मेहेनतले अरुले फाइदा लिनेछन्, सुरुमा रीस गर्नेले सताउनेछन् । यात्राको अवसर जुट्नेछ, अध्ययनमा प्रगति हुनेछ । व्यापारमा सामान्य फाइदा हुनेछ, बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ।्रेमि र मित्रताको बन्धनत कसिलो हुनेछ, स्वास्थ्इको लागि विशेष सजग रहनु पर्ने देखिन्छ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)

सुरुमा काम विग्रनाले अन्योलको सृजना हुनेछ, आत्मबलको कमी हुनेछ, अध्ययनमा रोकावट हुन सक्छ, शनिबार पछि नयाँ कामको अवसर जुट्नेछ, प्रतिस्पर्धीले भने दु:ख दिनेछन् र साताको अन्त्यमा व्यवसायको अवसर जुट्नेछ, दिगो फाइदा हुने काम पनि जुट्नेछ ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)

दिगो फाइदा हुने कामको सुरुवात हुनेछ, धन आर्जन हुनेछ । पारिवायरिक समस्या देखा पर्नेछ, आफन्तको सहयोग पाउन गाह्रो हुनेछ, शनिबारदेखि स्थितिमा सुधार आउनेछ । प्रतिष्ठित व्यक्तिसँग भेटघाट हुनेछ । छोटो दुरीको यात्रा हुनेछ, सवारी साधनमा सजक रहनुपर्ने देखिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौँ) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौँ मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० /५४११११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैँसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौँ मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौँ नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौँ अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई नि:शुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५० /९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# फुटबलमा चर्च ब्वाइजको छलाङ

काठमाडौँ । गत फागुन १९ गते जारी सिजनको 'ए' डिभिजन लिग सुरु हुँदा सायदै कसैले चर्च ब्वाइज युनाइटेड क्लबलाई च्याम्पियनको रूपमा हेरेको थियो । किनभने भर्खरै मात्र चर्च ब्वाइज क्लब 'बी' बाट 'ए' डिभिजनमा उक्लिएको थियो ।

अघिल्लो सिजन भएको 'बी' डिभिजन लिगमा १३ खेलबाट २९ अंक बटुल्दै चर्च ब्वाइज माथिल्लो डिभिजनमा उक्लिएको थियो । त्यतिबेला चर्च ब्वाइजसँगै खुमलटार युथ क्लब पनि 'बी'बाट 'ए' डिभिजनमा उक्लिएको थियो ।

यस अर्थमा, 'ए' डिभिजनका लागि नवप्रवेशी क्लब थियो, चर्च ब्वाइज । तर, लिग अगाडि बढ्दै गएपछि भने चर्च ब्वाइजको प्रदर्शनले धेरैलाई आश्चर्यमा पार्‍यो । त्यसैको प्रतिफल हो, अन्ततः धेरैको अनुमान विपरीत चर्च ब्वाइज युनाइटेड क्लब यो सिजनको 'ए' डिभिजन लिग च्याम्पियन बन्यो ।



'बी' डिभिजनबाट माथिल्लो डिभिजनमा उक्लिएकै सिजन 'ए' डिभिजन लिगको उपाधि चुमेर चर्च ब्वाइजले आफूलाई कीर्तिमानी क्लबका रूपमा पनि उभ्याएको छ । चर्च ब्वाइजले नेपालको स्थापित क्लब मनाङ मर्स्याङ्दीको कीर्तिमानसँग बराबरी गरेको हो ।

यसअघि मनाङ मर्स्याङ्दीले मात्र 'बी'बाट माथिल्लो सिजनमा उक्लिएकै वर्ष 'ए' डिभिजन लिगको उपाधि चुम्न सकेको थियो । मनाङ मर्स्याङ्दीले यस्तो सफलता २०४३ सालको सहिद स्मारक 'ए' डिभिजन लिगको उपाधि जितेर बनाएको थियो ।


जारी सिजनको सहिद स्मारक 'ए' डिभिजन लिगमा मंगलबारको खेलअघि चर्च ब्वाइजलाई उपाधि जित्न केवल एक अंक आवश्यक थियो । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार भएको खेलमा थ्री स्टार क्लबलाई गोलरहित बराबरीमा रोक्दै चर्च ब्वाइजले त्यो एक अंक बटुल्यो ।

त्यसपछि जारी सिजनको अन्तिम खेल खेल्नुअघि नै चर्च ब्वाइजले उपाधि जित्ने पक्का भयो । चर्च ब्वाइजले अझै एक खेल खेल्न बाँकी छ । चर्च ब्वाइज २५ खेलबाट ४५ अंक जोडेर तालिकाको शीर्ष स्थानमा छ । चर्च ब्वाइज तालिकाको दोस्रो स्थानमा आसिन मच्छिन्द्रभन्दा ६ अंकले अगाडि छ ।

अब बाँकी दुवै खेलमा विजयी भए पनि मछिन्द्र हेड टु हेडमा पछि पर्नेछ । मछिन्द्रले २४ खेलबाट ३९ अंक जोडेको छ । चर्च ब्वाइजले हालसम्म खेलेका २५ मध्ये १२ खेलमा जित, नौ खेलमा बराबरी र चार खेलमा हारको नतिजा निकालेको छ ।

चर्च ब्वाइजले महत्वपूर्ण उपाधि दिलाउने प्रशिक्षक हुन्, बालगोपाल महर्जन । उनी आफै पनि प्रभावशाली पूर्वखेलाडी हुन् । चर्च ब्वाइजको सफलतासँगै बालगोपाल पनि खेलाडी र प्रशिक्षकको भूमिकामा 'ए' डिभिजन लिग चुम्ने व्यक्तित्व बनेका छन् । बालगोपालले यसअघि खेलाडीका रूपमा थ्रीस्टार क्लबबाट खेल्दै 'ए' डिभिजन लिगको उपाधि जितेका थिए ।

# स्विडेनमा सेक्स प्रतियोगिता हुँदै, २० जोडीले दर्ता गरे नाम



महिला र पुरुषबीच हुने शारीरिक सम्बन्धलाई स्विडेनले खेलको रुपमा स्वीकार गर्दै प्रतियोगिता आयोजना गर्ने भएको छ । स्विडिस सेक्स फेडरेसनको आयोजनामा आउँदो ८ जुनदेखि 'सेक्स च्याम्पियनसिप' प्रतियोगिता हुन लागेको रोयटर्सले जनाएको छ ।

प्रतियोगितामा युगल जोडीले मात्र भाग लिन पाउने छन् । यो समाचार तयार पार्दासम्म २० जोडीले प्रतियोगिको रुपमा नाम दर्ता गराएका छन् ।

दर्शकको बिच कम्तिमा ४५ मिनेटदेखि बढीमा एक घण्टासम्म चल्ने यो प्रतियोगिताको विजयी जोडी छान्न यौन विशेषज्ञहरूको निर्णायक मण्डल रहेको फेडरेसनका अध्यक्ष ड्रेगन ब्रेटिचले पत्रकारहरूलाई बताएका छन् ।

१६ विभिन्न विधामा पुरस्कार प्रदान गरिने प्रतियोगिताको फाइनलमा दर्शकहरूको भोट पनि समेट्ने बताउँदै अध्यक्ष ब्रेटिचले भने, 'हाम्रो अभियान सेक्सलाई पनि खेलको दर्जा प्रदान गर्नु हो ।'

सुन्दा पत्याउनै मुस्किल पर्छ । मानिसको गोप्य शारीरिक सम्बन्धको कुरा पनि कसरी खेल बन्न सक्छ ? तर स्विडेनमा सेक्सले केबल खेलको मान्यता मात्र पाएको छैन त्यहाँ स्विडिस सेक्स खेल महासंघ नै गठन भएको छ । यो महासंघले ८ जूनभन्दा अगाडि नै पहिलोपटक युरोपियन सेक्स च्याम्पियनसीप प्रतियोगिताको आयोजना गर्दैछ ।

स्विडिस सेक्स फेडरेसनको सो सेक्स च्याम्पियनशीप प्रतियोगिता केही हप्तासम्म चल्नेछ । यसमा सहभागी प्रतिस्पर्धीहरुले हरेक दिन ६ घण्टाका लागि प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ ।

समाचार अनुसार प्रतिस्पर्धीसँग आफ्ना खेल वा क्रियाकलापहरुमा सहभागी हुनका लागि ४५ मिनेटदेखि १ घण्टासम्मको समय हुनेछ ।

तीनजना निर्णायक मण्डल तथा दर्शकहरुको भोटको आधारमा विजेता छनोट गरिनेछ । प्रत्येक विषयमा ५ देखि १० को बीचमा अंक प्रदान गरिनेछ । विभिन्न १६ वटा विधामा प्रतिस्पर्धा हुनेछ । जसमा सेडक्सनदेखि बडी मसाजसम्मका क्रियाकलाप सामेल छन् ।

हालसम्म यो प्रतियोगितामा सहभागिता जनाउनका लागि युरोपका विभिन्न २० देशबाट मानिसहरुले आवेदन दिइसकेको बताइएको छ । युरोपेली सेक्स च्याम्पियनसीपले विविधतालाई महत्व दिने र कुनै पनि लिंगका व्यक्ति प्रतियोगितामा भाग लिनसक्ने जनाएको छ ।

आयोजकहरुका अनुसार सेक्सुअल ओरिन्टेसन अर्थात् यौन आकर्षणले यो खेलमा एक रणनीतिक भूमिका निर्वाह गर्न सक्दछ । आयोजकले भनेको छ- खेल रणनीतिको हिस्साको रुपमा सेक्सुअल ओरिएन्टेसनको महत्वपूर्ण विकास युरोपेली देशहरुका बीचमा हुनेछ ।

स्विडिस फेडेरेसन अफ सेक्सका अध्यक्ष ड्रागन ब्रेटिकका अनुसार एउटा खेलको रुपमा सेक्सलाई मान्यता दिनु अत्यावश्यक थियो । उनले यौनिक क्रियाकलापको माध्यमबाट शारीरिक तथा मानसिक स्वास्थ्यमा सुधारका सम्भावनाहरुको बारेमा पनि चर्चा गरेका छन् । उनका अनुसार कुनैपनि अन्य खेलकुदमा जस्तै सेक्समा पनि जित्नका लागि तालिमको आवश्यकता पर्दछ । त्यसैले मानिसहरुका लागि यो विधामा पनि प्रतिस्पर्धा गराउनु तर्कसंगत छ ।

फरक-फरक मानिसहरुले छुट्टा-छुट्टै खालको सेक्सुअल ओरिएन्टेसन अर्थात् यौन आकर्षणको महसूस गर्न सक्दछन् ।

यसमा अधिकांश विपरीत लिंगीप्रति आकर्षित हुन्छन् भने कतिपय आफ्नै लिंगको व्यक्तिसँग वा दुवै लिंगका व्यक्तिसँग पनि आकर्षित हुन्छन् ।

सेक्स च्याम्पियनसीपले यो यौन आकर्षणलाई खेल रणनीतिको हिस्साको रुपमा स्थापित गर्ने दाबी गरिएको छ । -एजेन्सी

# स्पोर्टस् ब्राको विज्ञापनमा समलिंगी पुरूषको प्रयोग

चर्चित अण्डरवेयर ब्राण्ड केल्भिन क्लेनले आफ्नो स्पोर्टस् ब्रा को ब्राण्डिंग गर्ने विज्ञापनका लागि एकजना समलिंगी पुरुष (ट्रान्सजेन्डर) को प्रयोग गरेपछि त्यसले चर्चा र विवाद ल्याएको छ ।



मोडल बप्पी कोर्ट्रमले केल्भिन क्लेनको एक अभियानमा एउटा स्पोर्टस् ब्रा लगाएपछि मानिसहरु अचम्मित भए । कतिपय मानिसले उक्त कदमप्रति प्रश्न पनि उठाए ।

सन् २०२२ मा कम्पनीको विज्ञापन अभियानको तस्वीर पुनः सार्वजनिक भयो जसमा डच मोडेल बप्पी कोर्ट्रम, जो एक पुरुषजस्तो देखिन्छन्, उनलाई महिलाको अण्डरवेयर ब्रा लगाएको अवस्था प्रस्तुत गरिएको थियो ।

केल्भिन क्लेन फोटोशूट तथा हर्मोन थेरापी पछि सन् २०२२ को अन्त्यमा कोर्ट्रमले सर्जरीमार्फत् आफ्ना स्तन हटाएका थिए ।

एपिएल मोडल्समा रहेको उनको परिचय अनुसार बप्पी कोर्टम नेदरल्याण्डमा बस्ने एक अश्वेत वणका तथा मोटो जिउडाल भएका समलिंगी पुरुष हुन् । उनले मोटो जिउडाल भएका समलिंगी मानिसहरुको अधिकार तथा सम्मानका लागि पैरवी गर्दै आएका छन् ।

बप्पी ट्वीटर तथा इन्स्टाग्राममा ट च ब ल क ट ग ़ ़ थ ट ग भ क म ब थ ह्यासट्यागका सर्जक पनि हुन् ।

तर छातिभरि बाक्लो रौं तथा जुंगादाह्री समेत भएका र मोटो जिउडालका पुरुषलाई महिलाको ब्रा लगाइदिएर विज्ञापन तयार गर्ने केल्भिन क्लेनको कदमको धेरैले आलोचना गरेका छन् ।

यस्तै नसुहाउने खालको विज्ञापन गरिसकेको नाइकी तथा एडिडासको कदमबाट उक्सिएर केल्भिनले त्यसो गरेको हुनसक्ने कतिपयको ठम्याई छ । एजेन्सीको सहयोगमा

# बलिउड अभिनेत्रीले काठमाडौंमा भनिन्- नेपालको सुन्दरताले लोभ्यायो



भारतको प्रतिष्ठित 'क्याप्टिभेटिङ क्रिएसन अवार्ड' को छैठौं संस्करण काठमाडौंमा सम्पन्न भएको छ ।

आइतबार काठमाडौंस्थित एक होटलमा 'क्याप्टिभेटिङ क्रिएसन अवार्ड' को छैठौं संस्करण सम्पन्न भएको हो । फर्न इभेन्ट्सले आयोजना गरेको अवार्ड कार्यक्रम पहिलोपटक भारत बाहिर आयोजना भएको हो ।

समारोहमा नेपाल तथा भारतका चलचित्र, सङ्गीत, पत्रकारिता, पर्यटन, खेलकुद आदि क्षेत्रमा उल्लेख्य योगदान दिएका व्यक्तिहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । अवार्ड प्रदान गर्न भारतीय अभिनेत्री भाग्यश्री, रञ्जित, विन्दुदारा सिंह लगायतका भारतीय चर्चित कलाकारहरु नेपाल आएका थिए । अवार्ड समारोहले नेपाल र भारतबीचको धार्मिक, सांस्कृतिक तथा भाइचाराको सम्बन्धलाई अझ बलियो बनाएको बताइएको छ ।

कार्यक्रममा बोल्दै भारतीय अभिनेत्री भाग्यश्रीले नेपालको सुन्दरताले आफूलाई लोभ्याएको बताइन्। उनले नेपालीहरूले माया गरिरहे पुनः आफू परिवारसँग नेपाल घुम्न आउने बताइन् ।

उनले भनिन्, 'नेपालको सुन्दरता र विश्वभरमा चर्चा छ, मैले यहाँ थोरै मात्रै देखेको छु। तर म नेपालले फेरि बोलाओस् भन्ने चाहन्छु, फेरि नेपाल परिवारसँग आउन चाहन्छु ।' नेपाली र भारतीय कलाकारहरुको सांस्कृतिक प्रस्तुति समेत रहेको सो समारोहमा नेपालका सेलिब्रेटीहरुसँगै अभिनेत्री भाग्यश्री, अभिनेता रञ्जित, टेलिभिजनकर्मी तथा कलाकार बिन्दु दाह्रा सिंहसहित झन्डै एक दर्जन भारतीय सेलिब्रेटीहरुको समेत सहभागिता थियो ।

# गर्मीमा धेरै चिसो खाँदा के हुन्छ ?

तापक्रम दिनानुदिन उकालो लागिरहेको छ । अत्यधिक गर्मीमा शरीरलाई कसरी शीतल बनाउने भन्ने ध्याउन्नमा सबै लागेका छन् । कोही फ्रिजको चिसो पानी खान चाहन्छन् भने कोही चिसो पेय पदार्थ, जुसमा भुल्छन् । अनि कसैलाई काँक्रा, खर्बुजाजस्ता फलफूल त कसैलाई आइसक्रिम र सोडा पानीले आकर्षित गर्छ ।



यी सबै कुराले शरीरलाई शीतलता प्रदान गर्छन्, तर क्षणिक मात्रै । चिसो खानेकुरा र पेय पदार्थ खाँदा स्वास्थ्यमा असर गर्छ भन्ने हेक्का भने धेरैलाई नहुन सक्छ ।

गर्मी होस् या जाडो मौसम, चिसो खाने बित्तिकै घाँटीमा प्रत्यक्ष असर गर्दैन । तर यसले अप्रत्यक्ष रुपमा भने घाँटीलाई हानि गरिरहेको हुन सक्छ । शरीरको एक किसिमको फिजियोलोजी हुन्छ । हाम्रा वरपर लाखौं सक्रिय हानिकारक भाइरस हुन्छन् । जुन शरीरमा सजिलै छिर्न सकेका हुँदैनन् । तर एक्कासि चिसो खाँदा बाह्य कीटाणुहरु शरीरमा प्रवेश गर्न पाउँछन् ।

चिसोले संक्रमणविरुद्ध लड्न सक्ने क्षमता केही मात्रामा खलबलिन्छ । किनकि चिसो खानेकुराले श्वासनलीमा खकार (म्युकस) जम्मा हुन्छन् । म्युकसको काम श्वासप्रश्वासको तन्तुलाई ढाकेर जीवाणुको संक्रमणविरुद्ध संयन्त्र बन्नु हो, तर एक्कासि अत्यधिक चिसोले म्युकसलाई खुलाउँछ र घाँटीमा संक्रमण गराउन सक्छ । परिणामस्वरूप घाँटी दुख्ने, खसखस गर्ने समस्या ल्याउन सक्छ । घाँटीको एलर्जी भएकालाई चिसो पेय पदार्थले श्वासनलीमा खकार जम्मा भई केही मात्रामा असर गर्न सक्छ ।

यद्यपि, सधैं चिसो पेय वा पानी खाने बानी भएको स्वस्थ व्यक्तिलाई जुनसुकै मौसममा खाँदा पनि खासै फरक पर्दैन । तर कहिलेकाहीं मात्र चिसो खाँदा घाँटीमा समस्या ल्याउन सक्छ ।

घामबाट आउने बित्तिकै फ्रिजमा भएको चिसो पानी, जुस, सर्बत सबैको रोजाइमा पर्छ । अझ घाममै हिँडडुल गर्दा लस्सी र आइसक्रिम पनि खाइने गरिन्छ । पानी तातो भएमा बरफ मिसाएर खाइन्छ । यसरी धापिएको समयमा अत्यधिक चिसो खानु भनेको शरीरको तापक्रमलाई दखल दिनु हो । एक्कासि चिसो पदार्थ पिउँदा शरीरमा तापक्रम असन्तुलन हुन्छ, जसले थप ऊर्जा शरीरलाई आवश्यक पर्छ । शरीरले आफू अनुकूल शरीरभित्र प्रवेश गरेको खानेकुरालाई ढाल्न खोज्दा पाचनप्रक्रिया सुस्त हुन्छ । जसले पेटमा गडबड गराउँछ । त्यसैले घामबाट धापिएर आएपछि शरीरलाई एकछिन शीतल बनाएर मात्र खानेकुरा खान सकिन्छ । तसर्थ, आइसक्रिम, कुल्फी, बरफ अत्यधिक खानु घाँटीलाई मात्र होइन दाँतलाई पनि दुःख दिन सक्छ । यसले दाँतको इनामेललाई असर पारी सिरिङ-सिरिङ पार्न सक्छ । चिसो पेय पदार्थमा हुने एसिड एवं गुलियो पदार्थले दाँत दुखाइ पनि गराउँछ ।

अत्यधिक चिसो मात्र होइन, अत्यधिक तातोले पनि खानु हुँदैन । अझ चिसोतातोको मिश्रण त स्वास्थ्यको लागि बेफाइदाजनक नै हुने गर्छ । धेरैको बानी खाजामा तातो मःमः खाएपछि चिसो पेय खाने हुन्छ । यसरी खाँदा एकैछिन त मज्जा आउँछ । तर केही छिनपछि पेट भने सञ्चो नगराउन सक्छ । किनकि चिसो र तातोलाई एकैछिनमा पाचनप्रणालीले आफ्नो तापक्रममा ढाल्न सक्दैन । जसकारण पेट ढुस्स हुने, अमिलो डकार आउनेजस्ता समस्या देखिन्छन् ।

घाँटीमा हुने संक्रमणबाट बच्ने एउटै उपाय भनेको आफ्नो रोगप्रतिरोधात्मक क्षमता सुधार गर्नु र अत्यधिक चिसो खानेकुरा तथा पेय पदार्थबाट टाढा रहनु हो । त्यति मात्र होइन, घामबाट फर्किने बित्तिकै चिसो वा तातो खानेकुराबाट बच्नुपर्छ । यसको लागि केही समय शरीरलाई चिसो हुन दिनुपर्छ । अनि कुनै चिसो खानेकुरालाई नहतारी बिस्तारै खान सकिन्छ । मुखमा चिसो राख्ने बित्तिकै एकछिन मुखमै राख्ने कोसिस गर्नुपर्छ । ताकि अत्यधिक चिसो खानेकुरा शरीरको तापक्रम अनुकूल हुन मद्दत पुगोस् ।

घाँटीमा संक्रमण भएर दुःख दिएको खण्डमा मनतातो पानीमा नुन हालेर त्यस पानीले कुल्ला गर्नुपर्छ । घाँटी दुख्ने र सुन्निने समस्याबाट राहत पाउन अदुवा र तुलसीको चिया पिउन पनि सकिन्छ ।



## किन नेपाल...

लगी विभिन्न उत्पादन गर्ने योजना बुनेको छ । रामदेवले नेपालमै कम्पनी खोलेको घोषणा गरेका थिए । तर, व्यवसायी डा. उपेन्द्र महतोसँगको विवादले विषय मोडियो । महतो जमिन आफ्नो ब्रान्ड मात्र रामदेवको भन्थे । तर, रामदेव जमिन पनि कम्पनीकै नाममा राख्न चाहन्थे । जुन सफल हुन सकेन ।

यसैगरी, रामदेवले नेपालमा आफ्नै टेलिभिजन चलाउन खोजेका छन् । विगतमा कानूनी समस्या आएको थियो । अहिले त्यसको व्यवस्थापन गरेर मण्डिखाटारमा टेलिभिजन चलाउन ठिक्क पारिएको छ । आफ्नो उत्पादनको प्रचार रामदेव आफै गर्दैछन् अब । रामदेव बहुकम्पनी खोलेर ठूलो लाभ लिने मध्ये पर्दछन् । उनले कम्पनीकै माध्यमले आफ्नो शक्तिको भरपूर अभ्यास गर्दै आएका छन् । रामदेवले भारत सरकारलाई ठूलो कर पनि तिर्छन् ।

## कांग्रेसभित्रको ...

सत्तरी-असी वर्ष पार गरेको पार्टीले 'लय' समाउन कसरी सम्भव होला ?

कांग्रेसभित्र आजका मितिसम्म आफ्नो पोजिसनको रक्षार्थ बाहेक 'विचार र सिद्धान्त' बोक्नका निम्ति 'गुट' निर्माण गरिएन । हरेक महाधिवेशनलाई नेतृत्व चयनको भऱ्याङ मात्र बनाइयो । केन्द्रीय समिति र संसदीय दलमा देखा परेको अंकगणितका आधारमा एउटा समूहले अर्को समूहको मानमर्दन गर्ने बाहेक रचनात्मक कामतिर बहुमत पक्षले आफूलाई कहिल्यै उभ्याउन चाहेन ।

कांग्रेसलाई 'दरबार'बाट बाहिर निकालेर 'जनताको आँगनमा' पुऱ्याउने अठोटसहितको 'विद्रोहको झण्डा' उठाउन कांग्रेसका युवा नेता कति काबिल हुन्छन्, देशैभरका पार्टी पंक्तिले कत्तिको साथ दिन्छ त्यसैमा लोकतन्त्रको भविष्य समेत जोडिन पुग्दछ ।

हुँदाहुँदा नक्कली भुटानी शरणार्थी प्रकरणमा आफ्नो पार्टीको उपल्लो तहको नेता जोडिंदा समेत लोकतन्त्रमा सामान्य प्रक्रिया मानिने 'छलफल र निलम्बन'को बाटो रोज्न समेत उक्त प्रकरणको 'फन्दा'मा आफैं पनि परिएला भन्ने डरले कांग्रेस नेतृत्वले बैठक समेत छल्दै आयो । उनै देउवा समूहमा रहेकाहरू उल्टै पार्टीलाई सच्याउने भन्दा पनि देउवाइतर समूह माथि 'जाइलाग्न' उद्यत भए ।

यिनै परिदृश्यले देखाउँछ कांग्रेसको दिशा र दशा । आज देशमा सपना बाँड्ने र बाँडेको सपना कार्यान्वयन गर्न तयार गगन थापाहरूलाई 'कर्नर'मा पारिंदैछ । कांग्रेसमा यतिबेला 'परिवर्तनको झण्डा' उठाउने भन्दा 'यथास्थितिको आँगन'मै रमाउनेहरू ज्यादा हुँदा कांग्रेसले 'लय' समाउनै सकेन । यथास्थितिमै कांग्रेस रमाउँदै जाने हो भने अन्ततः उ पुग्ने भनेको 'विघटन'मै हो ।

कांग्रेस पार्टीले आफ्नो इतिहासबाट प्राप्त विरासतलाई जोगाउने नै हो भने अब पार्टीभित्रको गुट भत्काएर पार्टी र मुलुकको हितका खातिर 'देउवा-कोइराला' गुटमा रहेका परिवर्तनकारी युवाहरूले आफूलाई गुट भन्दा माथि उठाएर जनतामा 'आशा सञ्चार' सम्प्रेषण गर्न जरूरी छ ।

जनतालाई कांग्रेस, एमाले वा अन्य कुनै दल 'सच्चिउन् वा सक्किउन्' त्यो विषयमा खासै सरोकार रहन्न । सरोकार त जनअपेक्षाका विषयहरू - मुलुक निर्माणका एजेण्डादेखि भ्रष्ट माथि कारबाहीसँगै उनीहरूको सम्पत्ति छानबिनसम्ममा संवैधानिक निकायलाई कत्तिको साथ दिन्छन् भन्ने कुराले राख्दछ ।

अर्को कुरा गगन, विश्व र प्रदीपहरूले दलभित्रको अंकगणित हेरेर आफूलाई समर्पित गर्ने हो भने परिवर्तन सम्भव छैन । हिजो राणा, राजा, पञ्चायत आदि कालखण्डमा पनि परिवर्तनको झण्डा उठाउँदा मृत्युदण्ड समेत हुनसक्ने परिस्थितिबाट भागेर बसेको भए आज गणतन्त्र प्राप्ति सम्भव नै थिएन ।

अझ, गणतन्त्र प्राप्तिको आन्दोलनमा राजकाज मुद्दा खेप्न तयार 'गगन थापा, गुरुराज घिमिरे' जस्ता युवा नेताले आफूलाई पार्टीभित्रको अंकगणितको जोडघटाउमै रोक्ने हो भने कांग्रेस पार्टी कथित सम्भ्रान्तहरूको 'कमाइखाने' कम्पनीमा रूपान्तरण हुनेछ । यसको हेक्का देउवालाई हुन जरूरी छैन । हेक्का त गगन, विश्व, प्रदीप र गुरुहरूलाई हुन जरूरी छ ।

कथित व्यापारी र उद्योगी आफैं दलभित्र छिरेर मन्त्री समेत बन्दै नीति निर्माणमा निर्यायक बन्न थाले । लोकतन्त्र प्राप्तिमा सिन्को नभाँचेकाहरूको हातमा 'पार्टी र सरकार संचालन'को साँचो पुग्यो । पार्टीको टिकट वितरणदेखि मन्त्रिमण्डलमा पठाउने व्यक्ति चयनसम्म पूरापूर खरिद-बिक्रीको माध्यमबाट हुन थाल्यो ।

यति मात्रै होइन, टिकट वितरण गर्ने संसदीय समिति समेत गठन नगरी टिकट कांग्रेस पार्टीको विधानले नचिन्ने 'राणाको दरबार'बाट वितरण गरियो । भ्रष्टाचारको विषय उठ्नासाथ छानबिनको माग गर्नेहरू जनताको व्यापक समर्थनका बावजुद पार्टीभित्र भने एक्लिन थाले ।

यती, ओम्नी, वाइडबडीदेखि भुटानी शरणार्थी प्रकरणसम्म आइपुग्दा हरेक भ्रष्टाचारको घटनामा पार्टीको कोही न कोही उपल्लो तहको नेताको संलग्नता देखिँदै गयो । भ्रातृ र शुभेच्छुक संगठन 'बिचौलिया'मा रूपान्तरण हुँदै गए । उता चुनाव हार्नेहरूले समानुपातिक नामको 'सजिलो बाटो'बाट सांसद र प्रभावशाली मन्त्रालय प्राप्त गर्दै गए ।

यसरी जनताप्रति उत्तरदायी नेता भूमिकाविहीन र भूमिका पाउने 'कथित' नेता जनताप्रति उत्तरदायी बन्नै नपर्ने रोगले कांग्रेस ग्रसित बन्दै गयो । यसरी हेर्दा कांग्रेस पार्टी आजका मितिमा बेथितिको मुख्यालय बन्न पुग्यो । विद्यमान अवस्थाको कांग्रेसबाट पार्टी र लोकतन्त्र जोगाउन सम्भव नै छैन । तसर्थ, नेतृत्व परिवर्तनका लागि चाहिएको हो- अर्ली महाधिवेशन ।

'राजनीति र जीवन'को उत्तरार्द्धमा पुगिसकेका शेरबहादुर देउवा, डा. शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, गोपालमान श्रेष्ठ, कृष्णप्रसाद सिटौला आदिबाट 'पार्टी र मुलुक' परिवर्तनको अपेक्षा राख्नु भनेको उनीहरू माथिको पनि अन्याय हो । किनकि, त्यो गरुँगो भारी बोक्न अब उनीहरू 'विचार र उमेर' दुवैले सक्षम छैनन् ।

यतिबेला अपेक्षा त 'देउवा र कोइराला' समूहमा आजका मितिसम्म रहेका र गुटभन्दा माथि उठ्ने हिम्मत गर्ने युवा नेताहरू प्रति नै हो । हुँदाहुँदा हिजो बीपी कोइरालाकालीन समयमा वामपन्थी प्रति बीपीको खासै भरोसा थिएन । तर, आज देउवाले वामपन्थीकै 'डिजाइन'मा सिंगै कांग्रेसलाई दौडाइदिएर कांग्रेसका कार्यकर्ताले आफ्नै प्रिय चुनाव चिह्न 'रूख'मा मतदान समेत गर्न पाएनन् ।

सत्ता स्वार्थका निम्ति गठबन्धन गरियो । तर, गठबन्धनलाई राजनीतिक स्थिरता, सुशासन र समृद्धिका निम्ति भनेर राजनीतिक 'कलेवर' दिने कामसम्म भएन । यो अवस्थाको कांग्रेसलाई 'दरबार'बाट बाहिर निकालेर 'जनताको आँगनमा' पुऱ्याउने अठोटसहितको 'विद्रोहको झण्डा' उठाउन कांग्रेसका युवा नेता कति काबिल हुन्छन्, देशैभरका पार्टी पंक्तिले कत्तिको साथ दिन्छ त्यसैमा लोकतन्त्रको भविष्य समेत जोडिन पुग्दछ ।

तसर्थ, देशैभरका कांग्रेसजनले कांग्रेसलाई जीवन्त राख्ने हो भने तत्कालै कांग्रेसको केन्द्रीय समिति विघटन गरी विशेष महाधिवेशन मार्फत कांग्रेस 'रिर्फम' गरिंदैछ भन्ने सन्देश संप्रेषणका निम्ति दबाब सिर्जना आजको मूल आवश्यकता हो । अन्यथा, कांग्रेसलाई 'प्रजापरिषद्' बन्नबाट कसैले रोक्न सक्ने छैन ।

## नागरिकतामा ...

नागरिकता विधेयक असंवैधानिक तरिकाले प्रमाणीकरण गरेको भन्दै राष्ट्रपति पौडेलको कदमविरुद्ध रिट दायर भएको थियो । रिटमाथि सुनुवाई गर्दै सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश जारी गरी दुवै पक्षलाई बोलाएको छ ।

यसअघिको प्रतिनिधि सभाले २०७९ मा नागरिकता विधेयक पारित गरी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी सुझावसहित संसदमा फिर्ता पठाएकी थिइन् । विधेयकलाई हालका राष्ट्रपति रामचन्द्र पौडेलले ३१ मईमा प्रमाणीकरण गरेका थिए । नागरिकताको व्यवस्थासम्बन्धी संशोधन गरिएको नयाँ ऐनमा जन्मसिद्धका सन्तानले नागरिकता पाउने व्यवस्था छ । नयाँ कानून अनुसार असोज २०१५ भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवैको नागरिकता देखाएर १६ वर्ष पुगेपछि वंशजको नागरिकता पाउने व्यवस्था छ ।

## सोवितासँग...

विवाह गर्न गृहेन्द्रले पहिलो पत्नीसँग पारपाचुके गरेको खुलेको छ । उनको पहिलो पत्नीतर्फ दुई सन्तान छन् । सोवितासँग प्रेम सम्बन्धका कारण गृहेन्द्रले पहिलो घरबार नै बिगारे ।

गृहेन्द्र विवादास्पद व्यापारी पनि हुन् । उनको धन्दा नै विवादमा परेको छ । सोविताको जुन उचाई बनेको थियो राजनीतिमा अहिले त्यो ह्वात्तै घटेको छ । गृहेन्द्रका कारण उनी यहाँसम्म पुग्न आर्थिक लाभले साथ त दियो तर यो विवाहले उनको राजनीतिलाई धक्का दिन पुग्यो । काठमाडौंका जनताले जुन आशाका साथ उनलाई मत दिए त्यो निराशामा बदलिएको छ । रवि लामिछानेको पनि दुईवटा घरजम बिग्रिएको थियो । अहिले सोविताले अर्काको घरजम बिगारेर आफ्नो घर बसालेपछि रास्वपा त्यस्तै मान्छेहरु थुप्रिएको पार्टीका रुपमा बदनाम हुन थालेको छ ।

गृहेन्द्र निकै विवादित व्यक्ति हुन् भन्ने उनको गतिविधिले झन् पुष्टि गरेको छ । घिमिरेले विवाह पूर्व नै आफ्नो फेसबुक एकाउन्ट लक गरे । उनको एकाउन्ट खोलिदैन । यसको कारणबारे खोजबिन भएपछि धेरै तथ्य पत्ता लागेको छ । आफ्नो विषयमा तथ्यहरु बाहिर आउलान् भनेर गृहेन्द्र आत्तिए । उनी सार्वजनिक रुपमा आफ्नो यथार्थ बोल्न समेत डराइरहेका छन् । सोविता पनि बोल्न नसक्ने अवस्थामा पुगेकी छिन् ।

## हरिकृष्ण...

वञ्चित गरिएको भन्दै कतिपय न्यायाधीशहरु आक्रोशित छन् । आफूहरु लामो समय जिल्लामा रहँदा राजनीतिक पहुँच र भागवण्डाका भरमा उच्च र सर्वोच्च अदालतमा समेत अनुभवहीन र कनिष्ठ व्यक्ति ल्याइएको भन्दै उनीहरुले आक्रोश पोख्ने गरेका छन् ।

न्यायाधीश भट्टराईले कुनै मापदण्डविना न्यायाधीश नियुक्ति हुने गरेको भन्दै 'सर्वोच्चका भाइ न्यायाधीशहरुलाई जिल्ला अदालतका दाइ न्यायाधीशहरुको बधाई' भनी आक्रोशपूर्ण लेखसमेत लेखेका थिए ।

लोकसेवा आयोगको परीक्षा पास गरेका 'क्याडर' न्यायाधीशहरु जिल्लाबाटै अवकाश हुनुपर्ने तर उच्च र सर्वोच्च अदालतमा छड्के प्रवेश गरेका न्यायाधीशहरुको बाहुल्य हुने भन्दै उनले प्रश्न उठाएका छन् ।

उजुरीमा भनिएको छ, 'न्यायसेवा प्रवेश गरी चालिसौं वर्ष सेवा गरेका राष्ट्रसेवकलाई प्रतिस्पर्धाबिना राजनीतिक भागबन्डा, नातागोता र अन्य अपारदर्शी आधारमा नियुक्ति हत्याएका अयोग्य न्यायाधीशहरूले न्यायालयमाथिको जनविश्वास समाप्त पार्ने गरी कानुनको शासनको उपहास हुन पुगेको छ ।'

कम उमेर भएका 'आलाकाँचा' न्यायाधीशहरुलाई प्रधानन्यायाधीश पदमा लक्षित गरी प्रतिस्पर्धाविना नै समूहगत रुपमा प्रवेश गराइएको भन्दै उनले व्यंग्य गर्दै भनेका छन्, ' सर्वोच्च अदालतमा छोरा, उच्चमा नाति र जिल्लामा बाबु उमेर समूहका व्यक्ति बहाल छन् ।'

कम्तीमा साढे ८ महिनादेखि बढीमा ४ वर्ष प्रधानन्यायाधीश बन्नेगरी राजनीतिक आधारमा प्रधानन्यायाधीशको सेट गर्ने प्रवृत्ति बनेको भन्दै उनले ३ असार २०९३ सालसम्म यसैगरी सेटिङ मिलाइएको दाबी गरेका छन् । बहालवाला न्यायाधीशलाई वृत्तिविकास र अवसरको साटो छड्के बढुवाबाट हुने नियुक्तिपछिको पेन्सनले राज्यकोषमा समेत भार पर्ने उनको जिकिर छ ।

उजुरीमा उनले प्रस्तावित प्रधानन्यायाधीश कार्कीमा कार्यक्षमताको अभाव रहेको, अस्थिर व्यक्तित्व भएको, सेटिङ र दलीय आवरणमा नियुक्ति लिएको, नियुक्तिमा स्वार्थको द्वन्द्व देखिएको र पदलोलुपता प्रकट भएको आरोप लगाएका छन् ।

जिल्ला न्यायाधीश भट्टराईले कार्कीको सिफारिसलाई अवैधानिक पनि भनेका छन् । संवैधानिक परिषदसम्बन्धी ऐन रिक्त भएको अवस्थामा पछि दलीय सहमतिका नाममा सिफारिस गरिएको भन्दै उनले प्रश्न उठाएका छन्, 'कानुनी रिक्ततामा भएको सिफारिस अवैध हुने हुँदा समितिले सुनवाइ गर्दैमा वैधता प्राप्त गर्न नसक्ने भएकोले अस्वीकृत गरिपाऊँ ।'

सिफारिस भएपनि कार्की एक डेढ महिनामा नै अवकाश हुने भएकाले आफूले अघि सारेका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नसक्ने भएकाले त्यसको अर्थ नहुने भट्टराईले जिकिर गरेका छन् । उनले संसदीय सुनुवाइका क्रममा आफू भौतिक रुपमा उपस्थित भएर समेत उजुरीको सनाखत गर्न तयार गरेको भन्दै सुनुवाइका क्रममा कार्कीमाथि (प्रतिप्रश्न) 'जिरह' गर्न पाउनुपर्ने माग गरेका छन् ।

## एसएसपीको ...

सुदूरपश्चिमको महेन्द्रनगरस्थित प्रहरी कार्यालयमा कार्यरत एसएसपी पालले बिदा मागेकी एक महिला सहायक हवल्दारलाई यौन दुर्व्यवहार गरेपछि घटनाबारे आन्तरिक छानबिन सुरु गरिएको छ । प्रदेश प्रहरी कार्यालय धनगढीले एसपी श्यामसिंह चौधरीको नेतृत्वमा समिति गठन गरेर छानबिन प्रक्रिया अघि बढाएको हो ।

पालमाथि थप बुझ्न भन्दै प्रहरी हेडक्वाटरमा समेत बोलाइएको छ । उनी अहिले प्रहरी हेडक्वाटरमा छन् । तर यसबारे नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी कुवेर कडायत भने आफू जानकार नभएको दाबी गर्छन् ।

'उहाँसँग केही बुझ्नुपर्ने भएकाले हेडक्वाटरमा बोलाइएको हो,' प्रवक्ता कडायतले भने, 'महिला प्रहरीलाई यौन हिंसा गरेको भन्ने विषय जानकारी भएन । त्योबारे प्रदेशलाई जानकारी होला ।' स्रोतका अनुसार घटना गत शुक्रबारको हो । ती महिला हवल्दार घर बिदा स्वीकृत गराएर बिदामा जान लागेकी थिइन् । बिदा स्वीकृत गरेर कार्यालय प्रमुख रहेका एसएसपी पाललाई जानकारी गराइएको थियो ।

त्यसपछि एसएसपी पालले सञ्चार सेटमै ती महिला हवल्दारलाई आफूलाई भेट्न पठाइदिनु भन्दै आदेश दिएका थिए । त्यसपछि ती महिला एसएसपी बसेको क्वाटरमा पुगेकी थिइन् । क्वाटरमा एसएसपीले महिला हवल्दारलाई भने, 'तिमी मलाई मन पऱ्यो, आज गुड फ्राइडे मनाऔं ।'

एसएसपीले यस्तो प्रस्ताव गरेपछि चकित बनेकी ती महिलाले प्रतिवाद गर्दै घटनाबारे ड्युटी अफिसरलाई जानकारी गराएकी थिइन् । पछि उनले प्रदेश प्रहरी कार्यालयमा उजुरी हालेपछि घटना छानबिन हुने अवस्थामा आइपुगेको छ ।

आश्चर्यको कुरा त एसएसपीमाथि छानबिन गर्न प्रदेश प्रहरी कार्यालयले उनीभन्दा तल्लो दर्जाका एसपीको नेतृत्वमा समिति बनाएको छ। एसपीको नेतृत्वमा समिति बनाएर घटनालाई सामसुम पार्न खोजिएको आशंका पीडित महिला हवल्दारले गरेकी छिन् ।

अहिले आरोप लागेका पाल सुरुमा नेपाल प्रहरीको इन्स्पेक्टरमा भर्ना हुन फाराम भरेका थिए । तर उनी परीक्षामा उत्तीर्ण गर्न सकेनन् । त्यस बेलाको कार्यकर्ता भर्तीकेन्द्र बनेको राष्ट्रिय अनुसन्धान विभाग (राअवि)मा पहुँचको आधारमा उनी इन्स्पेक्टर बनेका थिए ।

चलखेलबाट नेपाल प्रहरीको इन्स्पेक्टर बन्न सफल भए पनि उनी विवादबाट जोगिन सकेनन् । महानगरीय प्रहरी वृत्त बौद्धमा कार्यरत रहँदा उनी कारबाहीमै परे । यसबाहेक सोलुखुम्बुको इन्चार्ज भएको बेलामा त पालमाथि गम्भीर आरोप नै लागेको थियो । यौन दुर्व्यवहारसम्बन्धी आरोप लागेपछि उनको जिम्मेवारीसमेत खोसिएको थियो । अहिले फेरि उनीमाथि गम्भीर आरोप लागेको छ ।

## सीईओ...

सो गाडीलाई तान्ने आँटसम्म नगरेको सातदोबाटोस्थित प्रभु बैंकका एक कर्मचारीले बताएका छन् । सातदोबाटो केन्द्रीय कार्यालय रहेको देउराली सहकारीका अध्यक्ष रविन्द्र चौलागाईंले प्रभु बैंकसँग गाडी मात्र होइन अरबौं ऋण लिए पनि त्यसको साँवा र ब्याजसमेत नबुझाएका चौलागाईंले केही दिन अगाडि सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभ संचालक बनी सुमेरुको सम्पत्ति पनि धरासाही पार्ने उद्देश्यले बैंकका कर्मचारीहरु सुमेरु मार्टमा रहेको जग्गा देखाउनसमेत पछि नपरेको खोजतलास साप्ताहिकले समाचार प्रकाशित गरेको थियो । चौलागाईंसँग फसेको अरबौं ऋण उठाउनको लागि सुमेरु मार्टको जग्गा हेर्न दैनिकजसो प्रभु बैंकका जिम्मेवार अधिकारीहरु आउने गर्थे । यसरी खोजतलासलगायत विभिन्न संचार माध्यममा प्रभु बैंक र चौलागाईंको विषयलाई जोडेर समाचार प्रकाशित हुन थालेपछि प्रभु बैंकले रविन्द्र चौलागाईंले लिएको ऋण उठाउनको लागि ३५ दिने सूचनासमेत जारी गरिसकेको छ ।

प्रभु बैंकले देउराली सहकारी, शिवशिखरलगायत नाम चलेका सहकारीहरुमा करोडौं रुपैयाँ खराक कर्जा प्रवाह गरेको पाइएको छ । ती सहकारीहरुले आफ्नो निक्षेपकर्ताहरुलाई त रकम दिन नसकिरहेको अवस्थामा प्रभु बैंकबाट लिएकार ऋण र साँवा कसरी बुझाउँछन् ? त्यस कारण पनि प्रभु बैंक कुनै पनि बेला धराशाही हुने अवस्थामा पुग्ने पक्कापक्की जस्तै भएको प्रभु बैंककै कर्मचारीहरुले चिया गफ गर्ने गरेको पाइएको छ ।

बैंकले ३५ दिने सूचना जारी गरेपछि चौलागाईं तिल्मिलाउँदै विभिन्न संचार माध्यममा प्रभु बैंकले अरबौंको सम्पत्ति खाने योजना बनायो भन्दै समाचारहरु प्रकाशित गर्न समेत पछि परेनन् । विगतमा चौलागाईं र शेरचन मिलेर यस्ता धेरै खराब कर्जामा ऋण प्रवाह भएको समेत स्रोतले दाबी गरेको छ । अहिले शेरचन र चौलागाईंको कुरा नमिल्दा आफ्नो कट्टु खोलाखोलको अवस्थामा पुगेको समेत स्रोतले दाबी छ ।

प्रभु बैंकले प्रवाह गरेका ऋण धेरैजसो खराब नजिर भएका संस्था र व्यक्तिमा लगानी गरेको पाइएको छ । त्यस्तै बैंकबाट ७५ करोड कर्जा लगानी भएको शिव शिखर एग्रोकी सञ्चालक गिता शर्मा पनि यतिबेला रकम हिनामिना गरेको आरोपमा थुनामा छिन् । यसैसँग आवद्ध शिवशिखर सहकारीको बचत फिर्ता गर्न नसक्दा उनका श्रीमान केदारनाथ शर्मा फरार छन् भने अन्य सञ्चालकहरु पुष्कर मल्ल र अनिश राज भण्डारी यसअघि पक्राउ परिसकेका छन् । यसरी गलत पात्र र तिनका कम्पनीहरुमा लगानी भएको बैंकको रकम नउठ्ने जोखिम बढ्दा हजारौं बचतकर्ताको निक्षेप रकम डुब्ने खतरा बढेको हो ।

बिग मर्जरमा जानु अघिनै बैंक कमजोर रहेको थियो । आफ्ना कमजोरी लुकाउन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक सेरचनले धेरै हत्कण्डा अपनाउने गरेका छन् । चैत मसान्तसम्म बैंकले देखाएको रिपोर्ट अनुसार बैंकको खराब कर्जा अनुपात (एनपीएल) ३.४८ प्रतिशत पुगेको छ । तथापी यो तथ्यांक भन्दा अझ धेरै खराव कर्जा छ । जसलाई बैंकले गुपचुप अवस्थामा राखेको छ ।

अघिल्लो वर्ष एनपीएल १.२१ प्रतिशतमा सीमित रहेको बैंकको खराव कर्जा आगामी असार मसान्तसम्म १० प्रतिशत पुग्ने देखिन्छ । बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक सेरचनले विभिन्न ठुला ग्रुपसँग मिलेर व्यवसाय संचालन गरिरहेका छन् । जसमा उनी आफै प्रत्यक्ष संलग्न भएर कर्जा प्रवाह गरेको देखिन्छ । बैंकले करिव १० अर्ब डुवेको रकम रिपोर्टमा देखाएको छैन ।

बैंकले डुव्दै गरेका कम्पनीका नाममा कर्जा प्रवाह गर्ने र त्यसबाट सिइओले फाइदा लिने गर्दा बैंकको रकम जोमिमतर्फ गएको हो । बैंकको खराव सुचकांक बढ्दै गएको छ । बैंकको ईपीएस घटेर ११.०७ रुपैयाँ कायम भएको छ । अघिल्लो वर्ष ईपीएस १५.७२ रुपैयाँ थियो । पीई रेसियो १२.३२ गुणा रहेको बैंकको प्रतिसेयर नेटवर्थ १४२.८५ रुपैयाँ रहेको छ ।

ठूलो र बलियो बन्ने होडबाजीले प्रभु बैंकले हालै सेन्चुरी बैंकलाई आफूमा गाभेर एकीकृत कारोबार गरेको छ । प्रभु बैंकले १:१ को स्वाप अनुपातको समान हैसियतमा सेन्चुरीलाई प्राप्ति गरेको हो । सेन्चुरी बैंकबाट पनि देउराली सहकारीका विवादित र निक्षेपकर्ताहरुको अगाडि समेत पर्न नसक्ने अवस्थामा पुगेका रविन्द्र चौलागाईंले अरबौं ऋण लिएको र सो ऋणको सावाँ र ब्याजसमेत नतिरेका कारण सेन्चुरी र प्रभु गाभिदा झन प्रमु बैंकलाई सिधै असर पर्दा प्रभु बैंक कुनै पनि बेला धरासाही अवस्था आउन सक्छ ।

हाल बैंकका अध्यक्ष लीलाप्रकाश सिटौला कायम छन् भने प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचन शेरचनको अवधि सकिएपछि जबरजस्त बैंक मर्जर गराएर उनलाई फेरि सिइओ बनाइएको हो । उनको यस अघि आठ बर्ष अर्थात् दुइ कार्यकालको अवधि पुरा भइसकेको छ । सो भन्दा बढी एउटै बैंकमा बस्न नमिल्ने राष्ट्र बैंकको नियमामवलीमा उल्लेख छ ।

शेरचनले व्यक्तिगत स्वार्थका लागि मनपरी ढंगले गलत कम्पनीमाथि लगानी गर्दा बैंकको खराब कर्जा निकै बढेको छ । प्रभु बैंकको एनपीएल गत आर्थिक वर्षमा १ दशमलव २१ प्रतिशत रहेकोमा अहिले बढेर ३ दशमलव ४८ प्रतिशत पुगेको हो । यो प्रतिशत तुलनात्मक हिसावले हेर्दा झण्डै दोब्बरले बढी हो । त्यस्तै बैंकको ईपीएस घटेर ११.०७ रुपैयाँ कायम भएको छ । अघिल्लो वर्ष ईपीएस १५.७२ रुपैयाँ थियो । पीई रेसियो १२.३२ गुणा रहेको बैंकको प्रतिसेयर नेटवर्थ १४२.८५ रुपैयाँ रहेको छ । त्यसो त अशोक शेरचनलाई उनको मनपरीमा लगाम लगाउने कोही देखिँदैन किनकि प्रभु ग्रुपका अध्यक्ष तथा सांसद देवीप्रकाश भट्टचननै उनका संरक्षक हुन् । बैंक तथा वित्तीय संस्थाका नियामक निकाय नेपाल राष्ट्र बैंकसमेत शेरचनको प्रभावमा परेको छ । उनका गलत क्रियाकलापका विषयमा पटकपटक गुनासो र उजुरीनै पर्दा समेत मुकदर्शक बनेर उल्टो प्रोत्साहित गरिरहेको छ ।

यसअघि नेपाल राष्ट्र बैंकमा २०७६ साल १२ गते पुगेको उजुरी उपर राष्ट्र बैंकले आजसम्म पनि कुनै कारबाही अगाडी बढाएको छैन, उल्टै शेरचनका विरुद्धमा परेको उजुरीका सम्वन्धमा सञ्चालक समितिसँग जवाफ माग्नुपर्नेमा उल्टै उनैसँग स्पष्टिकरण सोधियो र घटनालाई सामसुम पार्ने काम गरियो । राष्ट्र बैंकबाट बैंक सुपरिवेक्षणमा जाँदा समेत यी कुराहरुलाई औंल्याइएको देखिँदैन । राष्ट्र बैंकमा परेको उक्त उजुरीमा बैंकका उच्च पदस्थ कर्मचारीको खातामा गैरकानूनी र असाधारण तरिकाबाट जम्मा हुन आएकोले छानबिन गर्न माग गरिएको छ । तर हालसम्म पनि शेरचनकै प्रभावमा परेर राष्ट्र बैंकले उक्त खाताको अनुसन्धान नगरेको बैंककै कर्मचारीहरुको गुनासो छ ।

राष्ट्र बैंकमात्र होइन केन्द्रीय अनुसन्धान ब्यूरो सीआइबीसम्म शेरचनको प्रभावमा परेको छ । उनका गैरकानूनी हर्कत र वित्तीय अपराधका सम्वन्धमा परेको उजुरीमाथि आवश्यक छानबिन गरेर कारबाही अगाडि बढाउनुपर्नेमा उल्टै स्वार्थ बाझिने गरी सोही बैंकका सीइओ शेरचनकै हातबाट प्रहरी कल्याण कोषका नाममा रकम लिएपछि अन्ततः घटना सामसुम पारिएको छ । राष्ट्र बैंक सीआइबी मात्र होइन शेरचनको प्रभावमा मूलधारका सञ्चारमाध्यम समेत यतिबेला मौन छन् ।

## अस्ट्रेलियामा पत्रकार हेमन्त काफ्ले र ऋषि आचार्य सम्मानित हुँदै

अष्ट्रेलियामा कार्यरत नेपाली मूलका पत्रकारको संस्था अष्ट्रेलियन नेप्लीज जर्नलिष्ट एशोसिएसन (एन्जा) ले आगामी मे ५ मा विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर स्थानीय समुदायसँग अन्तरक्रिया गर्ने भएको छ ।

कार्यक्रममा अष्ट्रेलियाको नेपाली समुदायले यहाँका नेपालीमूलका पत्रकारहरुसँग राखेको अपेक्षा, एन्जाको धारणा एवं अहिलेको पत्रकारिताका आयामहरुबारे चर्चा हुन लागेको हो ।

कार्यक्रममा अष्ट्रेलियाका लागि नेपाली राजदूत कैलाशराज पोखरेलसहित साउथवेल्स राज्यमा रही क्रियाशील समुदायका सबै अग्रजलाई निम्ता गरिएको संस्थाका महासचिव नारायण खड्काले जानकारी दिए ।

सिड्नीको मेरिल्याण्डस्थित बार्दली फंक्सन सेन्टरमा शुक्रबार साँझ ६ बजेदेखि हुने कार्यक्रमको तयारी तिब्र पारिएको संस्थाका कोषाध्यक्ष खगेन्द्र सत्यालले दिए ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमै प्रदान गरिने भनिएको टीका कार्की सक्रिय पत्रकारिता पुरस्कार यस पटक अष्ट्रेलियामा सक्रिय पत्रकारद्वय हेमन्त काफ्ले र ऋषि आचार्यलाई प्रदान गरिने भएको छ ।

एक हजार डलर राशीको उक्त पुरस्कार पहिलो पटक एन्जाका पूर्वअध्यक्षहरु हेमन्त काफ्ले र ऋषि आचार्यलाई संयुक्त रुपमा प्रदान गरिन लागेको हो । अष्ट्रेलियामा रही यहाँको समुदायसँग निकट सम्बन्ध राख्दै पत्रकारिताको लामो अभ्यास गरेका आधारमा उनीहरूलाई सम्मानस्वरूप पुरस्कार दिन लागिएको एन्जाका सचिव सरल गुरूङले जानकारी दिए । हिमालय रेडियोमा विगत दुई दशकदेखि क्रियाशील पत्रकार टीका कार्कीको स्मृतिमा पुरस्कार स्थापना गरिएको हो। हरेक दुई वर्षमा क्रियाशील पत्रकारलाई अवार्ड र नगदसहित सम्मान गर्ने गरिन्छ ।

वर्षभरि पत्रकारले समुदाय र समाजका लागि क्रियाशील रहने भएकाले कम्तिमा वर्षमा एक दिन समुदायले पत्रकारका लागि समय दिनुपर्ने एन्जा अष्ट्रेलियाका अध्यक्ष चिरञ्जीवी देवकोटाले बताए । 'विश्व प्रेस स्वतन्त्रता दिवसमा हामीले गर्दै आएको पत्रकारिता कर्म र यसलाई समुदायले कसरी लिएको छ भन्ने एउटा समिक्षात्मक बसाई हुनेछ भन्ने अपेक्षा गरेका छौं', अध्यक्ष देवकोटाले भने ।

अष्ट्रेलियामा रही नेपाली सामुदायिक पत्रकारिता गर्ने २० भन्दा बढी संस्थाहरु छन् भने ५० भन्दा बढी पत्रकारले यी संस्थामा आबद्धता जनाएका छन् ।

यस्तै नेपालबाट प्रकाशित पत्रपत्रिका, टेलिभिजन र अनलाईनहरुको अष्ट्रेलिया प्रतिनिधिका रुपमा समेत केही पत्रकार क्रियाशील छन् ।